Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ४०, २०७७ साल असार १६ गते मंगलबार (June 29, 2020) www.janaakash.com.np मूल्य रु १०।-

## रामेछाप काठमाडौं पत्रकार समाजले पत्रकारहरुलाई सामग्री वितरण गर्‍यो

काठमाडौं । रामेछाप काठमाडौं पत्रकार समाजले रामेछाप जिल्लाका उपत्यकामा बिभिन्न सञ्चारमाध्यममा काम गर्ने रामेछापका पत्रकारहरुलाई प्रेस लेखेको ज्याकेट, कोरोना भाईरसवाट बच्नको लागि पञ्जा, स्यानी टाईजर,




मास्क, बितरण गरेको हो । काठमाडौंका भृकुटी मण्डपस्थित पत्रकार महासंघ काठमाडौ शाखाको प्रागणमा सामाजिक दुरी कायम गरेर उक्त कार्यक्रम सम्पन्न गरेको हो ।

बाँकी २ पृष्ठमा

# कोरोनाको रोगले भन्दा सर्वसाधरण भोकले मर्ने खतरा बढ्यो

- कोरोना भाइरसको प्रभाव :मानसिक तनावहरु उत्पन्न ।
- गाउँ पसेकाहरुको पैसा सक्यो ।
- लकडाउन १०० दिन पुग्यो ।

विश्वका मानिसहरुलाई नै तहस नहस पार्ने गरी चीनको वुहानवाट शुरु भएको भनिएको कोभिड १९ ले नेपालमा खासै प्रभाव नपारे पनि यता सरकारले लगाएको लकडाउनका कारण मानिसहरु रोगले भन्दा पनि भोकले मृत्युवरणको मुखमा पर्दै गएको देखिन्छ ।

चैत्रबाट सरकारले लगाएको लकडाउन बन्दाबन्दी आजसम्म १०० दिन पुगिसकेको छ । एकठाउँबाट अर्कोठाउ गएर कमाइ गरिखाने मजदुर, अर्को देशवाट नेपालमा सामान ल्याएर बेच्ने ब्यापारी, आफ्नै देशभित्र एकठाउँवाट अर्कोठाउँ लगेर सामान बेच्ने मध्यम बर्गीय ब्यापारी, यातायात चलाएर आफ्नो परिवार पाल्ने यातायातका चालकहरु, होटल ब्यवसायीहरु र होटलमा काम गरेर गुजारा चलाउनेहरु यो लामो ३ महिनाको बन्दाबन्दीले खेतवारीमा तरकारी फलाएर बजारमा लगेर गर्जो टार्ने किसानहरु यतिवेला देशका बिशेषत: कार्यकारी पदमा रहेका मानिसहरु बाहेका सवै नेपालीहरुमा समस्याको चाङ अग्लिदै गएको छ ।

मुख्य समस्याहरु

बिरामी परेका नागरिकहरुले अस्पताल जान यातयात नपाउदा पाइहाले पनि चर्को भाडाका कारण तिर्न नसक्दा अकालमै मृत्यु ब्यहोर्नु परेको छ ।

अर्को तर्फ गाउवाट शहर पसेका र गाउमा पनि आफ्नो जायजेथा नभएका र शहरमा जसो तसो काम गरेर बसेका मानिसहरुको भएको अलिअलि पैसा सकिसकेको र खाद्यन्न पनि सकिसकेको काम आम्दानीको कुनै टुङगो नभएको हुदा समस्याले मानसिक तनावहरु उत्पन्न हुन थालिसकेका छन् । यो निक्कै डरलाग्दो अवस्था हो ।

सरकारको नीति पनि बिभेदकारी

संविधानले सवै नागरिकको समान अधिकार हुनेछ भनेर उल्लेख गरेको छ । तर कोभिड १९ नेपाल फैलने डरले सरकारले लिएको नीति भने बिभेदकारी देखिन्छ । प्राइभेट नम्वर प्लेटका यातायातलाई जोर बिजोर प्रणाली लागु गरेर चल्न दिएको भएपनि सार्वजानिक यातायात सञ्चालन नहुदा ५०० भाडा तिरे पुग्ने ठाउमा २००० भाडा तिरेर मानिसहरु यात्रा गर्न बाध्य छन् । पास बनाउन जानेका र पहुच भएकाहरुले निर्वाध रुपमा बन्दाबन्दीको समयमा पनि देशमा ब्यापारको नाममा कालाबजारी गरिरहेका छन् । हुने खाने बर्गहरु त जति भनेपनि तिरेर खान सकेकै छन् । तर सवैसाधरण जनताहरु काठमाडौ शहर वा अन्य शहरवाट आफ्नो घर जाउ भन्दा यातायातको अभावको कारण जान सकेनान् । भने अर्को तर्फ काठमाडौका घरबेटीहरुको लकडाउनमा पनि कचकचले सर्वसाधरण गरिखाने नागरिकलाई सताइ नै रहेको छ । सरकारले १ महिनाको भाडा नलिन गरेको आग्रहलाई घरबेटीहरुले टेरेका छैनान् ।

घरमा बस्ने र भाडावालहरु बीच द्वन्द्ध बढ्दै गएको छ । कोही कोठा लिएर बसेकाहरु इातायात पाउने जति आफ्नो घर गाउ गएका छन् भने ति कोठामा बस्ने नागरिकहरुलाई फोन मार्फत घरबेटीहरुले खातामा पैशा हाल्न दवाव दिने गरेको केही ब्यातिहरु भनाई रहेको छ ।

सरकारले सडकमा हिड्ने बाइकको चावी खोसेर सर्वसाधरणलाई कारवाही गर्न सक्छ । तर काठमाडौ वा शहरका धनाढ्य

बाँकी २ पृष्ठमा

## कॉंग्रेसको १४ औं महाधिवेशन फागुन ७ मै हुने

काठमाडौं । नेपाली काँग्रेसले पार्टीको १४औँ महाधिवेशन आगामी फागुन ७ गते नै गर्ने गरी अन्य अधिवेशनका कार्यतालिकामा भने कोभिड १९ का कारण सामान्य हेरफेर हुने जनाएको छ

पार्टीका पदाधिकारी र पूर्वपदाधिकारीको आइतवार बसेको बैठकमा १४औँ महाधिवेशन निर्धारित समयमै गर्ने र अन्य अधिवेशनका तालिकामा भने हेरफेर गर्नेबारेमा छलफल भएको काँग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

सो निर्णय पार्टीको आगामी केन्द्रीय समिति बैठकबाट पारित गराउन



काँग्रेसले यही असार १६ गते दिउँसो १:०० बजे केन्द्रीय समितिको बैठक बोलाएको छ । काँग्रेसले गत माघ १३ गतेको केन्द्रीय समिति बैठकबाट पार्टी मातहतका निकायका अधिवेशन र १४औँ महाधिवेशन सम्पन्न गर्न कार्यतालिका सार्वजनिक गरेको थियो ।

सो तालिका अनुसार २०७६ फागुनदेखि २०७६ चैतसम्म पार्टीको प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले नयाँ क्रियाशील सदस्यता वितरण र जिल्ला कार्यसमितिले क्रियाशील सदस्यता नवीकरण गर्ने कार्यसम्पन्न गर्ने अवधि तोकेको थियो ।

उक्त कार्यतालिका अनुसार जिल्लामा क्रियाशील सदस्यता फाराम पुर्‍याउने काम भए पनि कोभिड १९ का कारण वितरण र नवीकरण कार्य प्रभावित भएको थियो । काँग्रेसले १४औँ महाधिवेशनका लागि गाउँ/नगर वडा अधिवेशन आगामी कात्तिक १६ गते, गाउँ/नगरपालिका अधिवेशन कात्तिक १८ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन कात्तिक २१

बाँकी २ पृष्ठमा

## रामेछाप नगरपालिकाको सातौं नगर सभा सम्पन्न

# कृषि र रोजगार सृर्जना गरी आर्थिक फडको मार्ने दावी

रामेछाप जिल्लाको रामेछाप नगरपालिकाले सातौ नगरसभा सम्पन्न गरेको छ । उक्त सभाामा आर्थिक बर्ष २०७७ ( २०)७८ को नीति योजना कार्यक्रम प्रस्तुत गर्दै नगरपालिकाले आंउदो आर्थिक बर्षमा कृषि र आर्थिक रुपमा फडको मार्ने लक्ष्य लिएर अगाडी बढ्ने योजना सार्वजानिक गरेको छ । । कोरोना भाइरस संक्रमणका कारण प्रभावित भएका नागरिकहरुलाई रोजगारको अवसर सृजना गर्ने भन्दै नगरपालिकाले कृषि र रोजगारलाई




रोजगारीलाई प्राथमिकतामा राखेर काम गर्ने र रोजगारीलाई ब्यवस्थित गदै प्राथमिकतामा राखेको छ । कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व बढाउदै नागरिकको जीवनस्तर सुधार गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नीति तथा कार्यक्रममा प्राथमिकता राखेर काम गर्ने र बिदेशमा जाने मानसिकतालाई स्थानीय रुपमा नै रोजगरीको राम्रो प्रबन्ध मिलाएको खण्डमा आर्थिक फडको मार्न सक्ने लक्ष्य राखेको नगरपालिको योजनामा उल्लेख छ ।

रामेछाप नगरपालिकाकी नगर उपप्रमुख सृजना खड्काले सातौं नगर सभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा कोभिड-१९ का कारण विदेश तथा स्वदेशमा जागिर गुमाएका तथा बेरोजगार युवालाई व्यावसायीक कृषि तथा पशुपालनमा प्रोत्साहन गर्न युवा स्वरोजगारका कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । कृषि र पशुपालन क्षेत्रबाट रोजगारीका अवसर सृजना गर्न सकिने भन्दै आउदो बर्षका अधिकांस कार्यक्रम कृषि र पशु पालन तर्फ केन्द्रित गरिएको छ । यसैगरी कोरोना रोकुथाम,

बाँकी ८ पृष्ठमा

# नेपालमा सलह कीराको कुनै असर गर्दैन : विज्ञ

चितवन । अण्डा पार्ने र बच्चा हुर्काउन आवश्यक वातावरण नभएका कारण नेपाल प्रवेश गरेका सलह कीराको सत्त्या वृद्धि हुने सम्भावना न्यून रहेको छ । कृषि तथा वन विज्ञान विश्वविद्यालयका किट विज्ञान विभागकका प्रमुख प्राडा सुन्दर तिवारीका अनुसार सो प्रजातिका कीरालाई अण्डा पार्न वालुवाले ढाकेको ठूलो क्षेत्र र गर्मी मौसम आवश्यक पर्दछ । उहाँले भन्नुभयो, ँत्यस्तो ठाउँ नेपालमा छैन । यस दृष्टिकोणले सो कीरा फैलिने सम्भावना कम रहेको छ ।

वातावरणीय प्रभावका कारण थप अनौठो नभएमा सलह उपयुक्त प्रजनन् क्षेत्रतर्फ फर्किने अनुमान समेत गरिएको छ । उहाँले भन्नुभयो, ँनेपालमा ती कीरा फट्याङग्रा भारतको राजस्थानबाट आएको हुन सक्छ । प्रजनन्का लागि यो पुनः त्यही फर्किने सम्भावना छ । अफ्रिकाबाट सात हजार किलोमिटर पार गरेर कीरा आएको जस्तो नदेखिएको र अहिले आएका ती कीरा भारतको सो क्षेत्रकै भएको विज्ञले औल्याएका छन् । अहिले नेपालमा आएका सलह तेस्रो, चौथो र पाँचौँ चरणका भएको उहाँको भनाइ छ । सलहको आयु छैटौँ चरणसम्म हुने र ६ हप्ताको रहने बताइएको छ । सरसरर्ती हेर्दा अहिले आएका सलहमध्ये पाँचौँ थप एक हप्ता, चौथो डेढ हप्ता र तेस्रो दुई हप्ता मात्रै रहने अनुमान छ । प्रजनन्का लागि वयस्क कीरा फर्किने अनुमान गरिएको छ । उहाँले धेरै आत्तिनुपर्ने अवस्था नरहेको तर पूर्वतयारी गर्नुपर्नेमा उहाँको जोड थियो । उहाँका अनुसार सलह साधारण फट्याङ्ग्रा प्रजातिको नै हो । यसको सिंग छोटो हुन्छ । यसको पछाडिको खुट्टा दह्रो र मोटो हुन्छ । यो कीरा समूहमा बस्न मन पराउँछ । उहाँले भन्नुभयो, ँयसले जमिनको तल बालुवामा ६०-८० वटाको समूहमा अण्डा पार्दछ र यसको जीवनभरमा तीन पटकसम्म अण्डा पारेको रेकर्ड छ । १० देखि ६५ दिनमा अण्डाबाट बच्चाको स्वरूप लिन्छ । सलहका बच्चा १ देखि ३ महिनामा पूर्ण वयस्क हुने, वयस्क चारदेखि पाँच महिनासम्म बाँच्ने, वयस्क कीरा लामो समयसम्म हावामा उड्न सक्ने र पाँच हजार किलोमिटरको यात्रा केवल १० दिनमा गर्न सक्ने उहाँको

बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# भोकले कोही पनि नमरुन

कोभिड १८ को कारण हाल नेपालमा लकडाउन अर्थात बन्दाबन्दी भइरहेको छ । भने हाल देशभरी सक्रमणको त्रास छदैछ । देशका बिभिन्न ठाउहरुमा क्वाऱ्यानटाइनहरुमा मानिसहरु बसिरहेका छन् । सरकारले सक्रमण फैलन नदिन गरेको प्रऱ्याश साह्रानीय छ । थियो चैत्रको एक महिना नागरिकहरु असाध्यै सयमित र अनुसाशित भएर बसेका थिए । आजपनि नेपाली नागरिकहरु अनुसाशित मऱ्यादित भएर नै बसेका छन् । तर अनुसाशित, मऱ्यादित हुन जिम्मेवार निकायहरुले पनि आफ्नो आफ्नो क्षेत्रको कर्तब्य निर्वाह गर्नुपर्दछ । पछिल्लो समयमा त्यस्तो कतब्य निर्वाह भएको महसुस नागरिकहरुले गर्न छाडेका छन् ।

बजारमा दैनिक उपभोग्य बस्तुहरुको अभाव हुन थालेको छ । उपभोग्य बस्तुहरु उपलब्द भएपनि गएको ३ महिना अगाडी र हालको मुल्यको प्रतिशतमा निकाल्दा ४० प्रतिशत सम्म बजार भाउ बढेको छ । यसको निय्न्त्रण गर्ने अनुगमण गर्ने नाटकहरु बेला बेलामा भएको भएता पनि ठगिने ठग्गिरहे कै छन् । यो त भयो लेनदेनको किनमेलको समस्या ।

अर्को तर्फ ३ महिना भन्दा बढी बन्दा बन्दी हुदा दैनिक कमाएर वा मार्षिक कमाएर जाहान परिवार पाल्दै आएका नागरिकहरुले जसो तसो ३ महिना टारेका भएपनि अचेल रिन गरेका उधारो लिएको तिर्न नसक्दा र बचत आर्थिकहरु सक्किसकेकोले बिकल्पहरु सकिदै गएर भोकै मरिने मर्न पो पर्ने होकी भन्ने चिन्ताले सर्वसाधरणहरुलाई सताउन थालेको छ । यो बन्दाबन्दीको समयमा भोकले मानिस मरेको समाचार बाहिर त्यति नआएपनि आर्थिक अभावका कारण मानसिक तनाव बढेर सामाजिक, समस्या निम्तन सक्ने सम्भावना बढेर गएको छ ।

बिदेशमा रोजगारी गर्न गएका नागरिकहरु यो एक महिनामा ७ लाखको हाराहारीमा भित्रने र लगभग १५ लाँखको हाराहारीमा रोजगारीका लागि बिदपेशिएका नेपालीहरु तत्कालै नेपाल फर्कदै छन् । यो आकाडाले पनि दैनिक उपभोग्य बस्तुहरु बजारमा आवाश्यता बढेर नै जाने देखिन्छ । त्यसैले बेलैमा ब्यवस्थापनमा ध्यान दिएर काम गर्न सरकारले थाल्नुपर्छ र स्थानीय नागरिकहरुले पनि यो बिपत्त हो एकले अर्कोलाई कसरी हुन्छ सहयोग गर्नुपर्छ भन्ने भावना राखेर मानवीयता देखाउनुपर्छ । यसरी सरकार र नागरिक बीचको सम्बन्ध बलियो भयो र नागरिकहरुको सुझाव , जानकारी लिएर सरकारले काम गरेमा कोही, कुनै नेपाली भोकले मर्नु पर्दैन ।

तर बास्ताविकता भने निक्कै डरलाग्दो अवस्थावाट अगाडी बढ्दै छ । महगी नियन्त्रण भन्दा बाहिर गएको छ । बजारमा भारतको तरकारी गाउगाउ महगो बनेर पुगिरहेको छ । तर त्यही स्थानीय किसानले बन्दा बन्दी हल्ला र चेतनाको अभावमा बारीमा नै तरकारी कुहिएर गइरहेका छन् । खाद्यन्न, लत्ताकबडा, अन्य सामानहरु सिन्डकेटधारीहरुको हातमा छ । यस्तो सिन्डिकेट धारीहरुको जालो तोडेर सर्वसाधरण नागरिकहरुलाई सस्तो सुलभ र सहजै दैनिक उपभोग्य बस्तुहरुको उपलब्द गराई भोक्कै कुनै पनि नेपाली नमरुण भन्ने बातावरण बनाउन सबै क्षेत्रावाट सजग हुदै समस्यालाई तत्कालै हल गरिनुपर्छ । तवमात्र नेपालका नेपालीहरु कोही जस्तो सुकैं बिसम परिस्थितिमा पनि सामाना गर्न सक्षम छन् हुन्छन् भन्ने सन्देश दिन सकिन्छ । यो नेपालको समस्या सगसगैं अन्तराष्ट्रिय प्रतिष्ठासँग जोडिएको बिषयलाई सबै मिलेर जोगाउनुपर्छ । त्यो भनेको अहिले बढ्दै गएको अभाव टार्न र भोकले कुनै नेपाली नमरोस भन्न ब्यापारीले आत्मसाक्षी राखेर सरकारले तोकेको प्रतिशत भन्दा बढी दैनिक उपभोग्य सामानमा नाफा नखाने, सरकारले यातायात ब्यवसायीहरुलाई सहुलियत प्रदान गर्ने, र यातायात ब्यवसायीहरुले दुवानी भाडामा गाउघरको उत्पादनलाई भाडा सस्तो गर्ने, उपभोक्ताले पनि आफ्नै देशको उत्पादन प्रयोग गर्ने वाताबरण बानी बनाउनु पर्छ । यसो गर्दा सबै क्षेत्रको सम्बन्ध जोडिन्छ र समस्या पनि थाहा हुन्छन् सावधान गर्न पनि सजिलो हुन्छ । यस्ता अभियानहरुमा नेपालीहरुले ध्यान दिनुपर्छ ।

# सरकारले जुत्ता र चप्पल आयातमा पूर्ण प्रतिवन्ध लगाओस

रविन श्रेष्ठ



कोरोना भाइरस महामारीका कारण आज विश्वमा करोडौं मानिसले रोजगारी गुमाएका छन् । विश्वका शक्तिशाली मुलुकमा पनि बेरोजगार बढ्ने आंकलन गरिएको छ । कोरोनाको असर हामी जस्ता अल्पविकसित मुलकमा झन बढी पर्ने सम्भावना छ । खासगरी रेमिट्यान्सले चलेका देशहरूमा यसको असर व्यापक पर्ने देखिएको विभिन्न अध्ययनहरूले देखाएका छन ।

नेपाल पनि रेमिट्यान्सबाट चलेको मुलुकभित्रै पर्छ । अहिले पनि ४० देखि ५० लाख मानिस रोजगारीका विभिन्न मुलुकमा पुगेका छन् । नेपालीहरू जुन जुन देशमा रोजगारीका लागि गएका छन्, ती मुलुकमा कोरोनाको महामारी फैलिएको छ । त्यहाँ पनि आर्थिक गतिविधि ठप्प भइसकेको छ । कतिपय कम्पनीले नेपाली कामदारलाई तत्काल आफ्नो देश (नेपाल) फर्क भनिसकेको अवस्था छ ।

सरकारी आँकडा अनुसार लकडाउन खुल्ने बित्तिकै ५ देखि १० लाख मानिस रोजगारीमा गएका मुलुकबाट नेपाल फर्किने देखाएको छ ।

एकातिर रोजगारीमा गएका नेपाल फर्किने र अर्कोतिर सरकारले बजेटमार्फत रोजगारी सिर्जना गर्ने क्षेत्रलाई प्रोत्साहन, सहुलियत नदिने हो भने देशमा विकराल स्थिति देखा पर्न सक्छ ।

सरकारले रोजगारी सिर्जना गर्ने उद्योगलाई प्रोत्साहन गर्नुपर्ने छ । रोजगारी सिर्जना गर्ने उद्योग भित्र जुत्ता पर्छ । सरकारले जुत्ता उद्योगलाई केही सुविधा दिन नसके पनि आयात पूर्ण रूपमा रोक लागाइदिए हुन्छ ।

जुत्ता चप्पल आयातमा पूर्ण रूपमा प्रतिवन्ध लगाउने हो भने सरकारले जुत्ताबाट उठाउँदै आएको जति राजस्व छ, त्यही राजस्व स्वदेशी उद्योगले सरकारलाई बुझाउने ग्यारेन्टी गर्छौ । सरकारले आगामी बजेटबाट यो क्षेत्र बचाउन, थप रोजगारी सिर्जना गर्नका लागि कडा कदम उठाउनुपर्ने देखिएको छ । सरकारले सदाका लागि जुत्ता चप्पल र छालाजन्य वस्तुको आयातलाई रोक्नु पर्दैन् । केवल ३ वर्षका लागि प्रतिवन्ध लगाए हुन्छ

आपूर्तिमा असहजता

देशको माग भन्दा झण्डै २ गुणा बढी जुत्ता चप्पल उत्पादन गर्न सक्ने उद्योग सञ्चालनमा छन् । उनीहरूले अहिले पूर्ण क्षमता उत्पादन गरेका छैनन्, सरकारले आयात रोक्ने बित्तिकै पूर्ण क्षमता उत्पादन गर्ने हुँद आपुर्तिमा कुनै असहज अवस्था आउँदैन् ।

मूल्य वृद्धि हुन सक्ने

नेपालमा धेरै जुत्ता उद्योग छन्, ती उद्योगबीच तीव्र प्रतिस्पर्धा अहिले पनि छ । पछि पनि हुन्छ । स्वदेशी उत्पादकबीच कडा प्रतिस्पर्धा हुने भएकोले मूल्य वृद्धि हुन सक्ने सम्भावना छैन ।

राजस्वमा कमी आउने

सरकारले आयातलाई पूर्ण रूपमा रोक लागाओस्, जुत्ता चप्पल आयात गर्दा त्यहाँबाट जति राजस्व उठाउँदै आएको छ, त्यति नै राजस्व हामी बुझाउन तयार छौं ।

अझ राजस्वमा वृद्धि हुन गई देशको अर्थतन्त्रमा यो क्षेत्रले महत्वपूर्ण योगदान पुर्याउन सक्छ ।

त्यसैगरी, छालाजन्य वस्तुहरूको मागलाई धान्न सक्नेगरी नयाँ उद्योगहरू स्थापना हुनेछन् र क्षमताको विकास हुनेछ । त्यहाँबाट पनि रोजगारी सिर्जना हुन्छ । जुत्ता चप्पल र छालाजन्य वस्तुहरूका लागि आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्ने उद्योगहरू खुल्नेछन् । व्यापक रूपमा रोजगारी सिर्जना हुन सक्नेछ ।

त्यति मात्रै नभई, देश औद्योगिकीकरणको दिशातर्फ अगाडी बढ्नेछ । औद्योगिकीकरणको माध्यमबाट देश सम्वृद्ध हुनेछ । तसर्थ सरकारले कम्तीमा ३ वर्षका लागि जुत्ता चप्पल र छालाजन्य वस्तुको आयातलाई प्रतिवन्ध लगाउन आवश्यक छ ।

मुल समस्या

यो क्षेत्रको मुल समस्याको रूपमा रहेको दक्ष जनशक्तिको अभाव हो । यसलाई हटाउन सुविधा सम्पन्न तालिम केन्द्रको स्थापना गरि तालिमको माध्यमबाट स्वदेशी जनशक्ति उत्पादनमा जोड दिन आवश्यक छ । त्यसका लागि पर्याप्त बजेट विनियोजन हुन आवश्यक छ । आयातलाई प्रतिवन्ध लगाई पूर्ण रूपमा उद्योग सञ्चालन हुन सक्ने हो भने यो क्षेत्रले थप ५० हजार जनशक्तिलाई रोजगारी दिन सक्ने छ ।

भन्सार सम्वन्धमा

जुत्ता चप्पल र छालाजन्य वस्तुमा प्रयोग गरिने कच्चा पदार्थ छालाको भन्सार १० प्रतिशत कायम छ भने यस्तै अन्य सहायक कच्चा पदार्थ लेदरवोर्ड, टेक्सन वोर्ड, आइलेट, किल्ला, वकल जस्ता वस्तुहरूको भन्सार १५ प्रतिशतसम्म रहेको छ ।

जुत्ता चप्पल र छालाजन्य वस्तुमा प्रयोग गरिने कच्चा पदार्थको भन्सार हाललाई बढीमा ५ प्रतिशत कायम गरि क्रमशः यस्ता प्रकारका कच्चा पदार्थ स्वदेशमा नै उत्पादन गर्ने र कच्चा पदार्थको क्षेत्रमा समेत देशलाई आत्मनिर्भर वनाउने वातावरण तयार गर्न आवश्यक छ ।

एउटा एचएस कोडको वस्तु सबैभन्दा कम मूल्याङ्न भएको मिल्दोजुल्दो अन्य एचएस कोडबाट छुट्ने परिपाटीको अन्त्य हुनु पर्दछ । छाला वर्ग फुटमा र सोल जोडीमा खरिद गरिन्छ तर भन्सारमा तौलमा छुट्ने गरेको छ । यसको अन्त्य हुन आवश्यक छ । कतिपय जुत्ता चप्पललाई आवश्यक पर्ने कच्चा पदार्थ आयातमा प्रतिवन्ध छ । यस्ता कच्चा पदार्थ आयातमा सहजीकरण हुन आवश्यक छ ।

न्युन विजकीकरण र चोरी पैठारीमा कडाई

न्युन विजकीकरण र चोरी पैठारी सरकारको टाउको दुखाईको विषय बन्दै आएको छ । यसलाई कडाईका साथ नियन्त्रण गरिनु पर्दछ । दक्षिण तर्फको खुल्ला सिमानाबाट बढि चोरी पैठारी हुने हुँदा यसको नियन्त्रणका लागि हाल कोरोना रोकथामका लागि आवागमन नियन्त्रणका निमित्त स्थापना भएका अस्थायी पोष्टहरू कायम राखि आगामी दिनमा चोरी पैठारी नियन्त्रणमा प्रयोगमा ल्याउँदा उपयुक्त देखिन्छ ।

वित्तीय क्षेत्रका समस्या

वित्तिय क्षेत्रका समस्या सबैका साझा समस्या हुन ।

नेपाल उद्योग वाणिज्य महासंघले उठाएका विषयहरूमा यो संघ पुर्ण समर्थन जनाउँदै तत्काल उद्योग संचालन गर्नका निमित्त थप पुँजी प्रवाह गर्दा पहिले लिएको ऋणको प्रतिशतको आधारमा तय गर्दा साना उद्योगी अथवा थोरै ऋण लिएर उद्योग व्यावसाय संचालन गरि रहेका उद्योगीहरूलाई थप पुँजी प्रयाप्तता नहुने हुदा त्यस्ता उद्योगीहरूका लागि छुट्टै व्यवस्था हुन आवश्यक छ ।

(श्रेष्ठ फुटवेयर म्यानुद्रयाक्चरर्स एसोसियसन अफ नेपालका निवर्मान अध्यक्ष हुन)

## कोरोना...

घरबेटीहरुलाई कारवाही गर्न सक्दैन ।

कतिपय ठाउमा दानी घरबेटी पनि भेटिन्छन् ।

धेरैजति काठमाडौका घरबेटीहरुले बाहालवालाहरुलाई आताङ मच्चाई रहेको बेला कतिपय घरबेटीहरुले चै बन्दाबन्दीको ३ महिनाको भाडा छुट गरेर बहालवालाहरुको जीवन बचाउ अभियानमा सघाएको भेटिन्छ ।

सरकारले बन्दाबन्दीको नीति फेर्नुपर्ने चौतर्फी माग ।

हालसम्म नेपालमा बसोबास गरिरहेका नेपालीहरुलाई कोरोना लागेको देखिदैन तर बिदेशवाट आएका नागरिकहरुमा चै त्यो भेटिएको स्वास्थ्य मन्त्रलयको आकाडामा देखिन्छ । आरडिटी, र पिसिआर टेस्ट पनि नेपालको लागि प्रभावकारी देखिएको छैन । त्यसैले रोगको निय्न्त्रणको लागि कोरयान्टाइनमा बस्दा सुरक्षित भन्दा झन असुरक्षित भएको जस्तो नागरिकहरुले महसुस गर्न थालेका छन् । समयमा खाना पानी , आराम र सफा सुघर नह्दा र क्याम्पभित्र समयमा औषधी उपचार नपुग्दा कोरोनाको रोगले भन्दा अकालमा अरु कारणले ज्यान जाने खतरा बढेको छ ।

त्यसकारण बिदेशवाट आएका नागरिकहरुलाई निगरानीमा राखेर उपचार गर्ने र तिनिहरुको व्यवस्थापन राम्रै गर्ने तर देशभित्र अन्य क्षेत्रलाई खुकुलो पार्नुपर्ने सर्वसाधरणको जोड रहेको छ ।

सर्वसाधरण जनताको हितमा सरकारले काम गर्नुपर्ने हो त्यस्तो कतै गरेको देखिदैन ।यस्तै अवस्था रहने हो भने नेपालको अर्थतन्त्र त ध्वस्त हुन्छ नै भोकले मासिन मर्नेको संख्या बृद्धि हुन सक्छ । त्सैले बेलैमा सर्वसाधरणको बाध्यतालाई सरकारले बुझ्नु पर्छ ।

## रामेछाप.....

नियन्त्रण, प्रतिकार्य र उपचारलाई प्रभावकारी बनाउनुका साथसाथै स्वरोजगारको माध्यमवाट नगरका नागरिकहरुलाई सक्षम बनाउन गर्नुपर्ने कार्यहरु सवै गरेर आर्थिक रुपमा सम्पन्न बनाउने नीति तथा कार्यक्रममा उललेख गरिएको छ ।

बार्षिक नीति तथा कार्यक्रममा कोरोना भाइरसको संक्रमण रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारलाई प्रभावकारी बनाउने, क्वारेन्टिन व्यवस्थित बनाउने र आधारभुत आवश्यकताका वस्तुको सहज आपुर्ती व्यवस्था मिलाउने बिषयलाई प्राथमिकतामा राखिएको छ । कोभिड-१९ को कारण पठनपाठनमा सिर्जना भएको अवरोधलाई मध्यनजर गर्दै वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण गरिने उल्लेख छ। यस्तै जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिने, कृषि र पशुपालनलाई व्यवसायिक बनाउने ,खेलकुद , लोक सेवा तयारी कक्षा सन्चालन, स्थानिय सन्चार माध्यमहरुको विकास र प्राथमिकता, होमस्टे सन्चालन, ठाउँठाउँमा पानी संकलन गर्नका लागी पोखरीहरु बनाउने लगायतका महत्वपुर्ण योजनाहरुलाई प्राथमिकता दिइएको छ ।

नगरपालिकाले चालु आर्थिक वर्षमा ८३ प्रतिशत प्रगति हासिल गरेको जनाएको छ । आर्थिक वर्ष २०७७/७८ का लागी रामेछाप नगरपालिकाले ६० करोड १५ लाख ११ हजार ४ सय ६० रुपैयाँको बजेट प्रस्तुत गरेको छ । रामेछाप नगरपालिकाका प्रमुख नर बहादुर थापा मगरको अध्यक्षतामा सम्पन्न सातौं नगर सभामा प्रमुख प्रशासकिय अधिकृत दिपेन्द्र पौडेल , ९ वटै वडाका वडाअध्यक्ष, वडा सदस्य लगायत कार्यपालिका सदस्यहरुको उपस्थिती रहेको थियो ।

रामेछपका ८ बटा स्थानीय सरकार रहेका छन् रामेछाम नगरपालिका त्यसैमध्यको एक हो ।

## कांग्रेस..........

गते र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन कात्तिक २३ गतेका लागि निर्धारण गरेको थियो ।

यसैगरी एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन कात्तिक २५ गते, प्रदेश अधिवेशन आगामी मङ्सिर २९ गते र केन्द्रीय महाधिवेशन आगामी फागुन ७ देखि १० गतेसम्म काठमाडौँ गर्ने तालिका सार्वजनिक गरिएको थियो ।

काँग्रेसको १३ औं महाधिवेशन २०७२ साल फागुन २० देखि २३ गतेसम्ममा काठमाडौंमा भएको थियो । काँग्रेसका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि चार वर्ष हुने विधानमा उल्लेख भए पनि विधानकै अर्को व्यवस्थाअनुसार एक वर्ष समयावधि यसअघि नै थप गरिसकिएको छ ।

## नेपालमा........

भनाइ छ । सलह कीरा एक ठाउँबाट अर्को ठाउँमा वा एक खेतबाट अर्को खेतमा गर्दै त्यहाँ उपलब्ध भएका सम्पूर्ण हरियो वनस्पतिहरू छोटो समयमा नै सखाप पारी खाइदिन सक्षम जीवको रूपमा लिइन्छ । एक दिनमा लगभग १३० किलोमिटरसम्म हुल बनाएर सलह हिड्ने बताइन्छ ।

संयुक्त राष्ट्र सङ्घको कृषि तथा खाद्य सङ्गठनको तथ्यांकअनुसार साधारणतय सो कीराले प्रति दिन दुई ग्रामसम्म खान सक्छ र एक किलोमिटरको हुलमा हुने सलहको करिब चारदेखि आठ करोड संख्याले ३५ हजार जनालाई एक दिनमा पुग्ने खाना नष्ट गर्न सक्छ भनेर घोषणा गरेको छ । सलह बढ्नुमा हाल भएको जलवायु परिवर्तनलाई महत्वपूर्ण कारण ठानिएको छ । यिनिहरूको जनसत्त्या आठ हजार गुणासम्म बढेको बताइन्छ । विगतमा पनि यसरी सलहको बढोत्तरी हुने गरेको पाइएको छ । वातावरणमा भएको सुख्खापनले यिनीहरूको जनसत्त्या ह्वात्तै बढेको र यसको प्रकोप लामो समयसम्म रहने र बढोत्तरी छिटो छिटो भएको जनाइएको छ ।

कतिपय देशले सहल नियन्त्रण गर्न हेलिकप्टरको सहायताले विषादी प्रयोग गरेको बताइन्छ । हाल प्रयोगमा आएका विषादीमा मालाथिएन र फेनिट्रोथियन प्रमुख छन् । वातावरणीय एवं स्वास्थ्यको दृष्टिकोणले राम्रा छैनन् तापनि बालिनाली जोगाउन सलह नियन्त्रणका लागि विषादी नै उपयुक्त ठहरिएको उहाँ बताउनुहुन्छ । तर विषादी प्रयोग गरिसकेपछि ती खाद्यान्न बालीमा विषादीको पर्खनुपर्ने अवधिलाई मध्येनजर गरी वाली भित्राउनुपर्दछ ।

## रामेछाप...

असार १५ गते नेपालीहरुले असार १५ लाई सामुहिक रुपमा रोपाई गरेर सामुहिक रुपमा दही चिउरा खाई रमाउने चलन छ । सोही अवसर पारेर रामेछाप काठमाडौं पत्रकार समाजले उपस्थित पत्रकारहरुलाई दही र चिउराले स्वागत गरेको थियो । जिल्लाका धेरै पत्रकारहरुको उपस्थिति रहेको थियो । रामेछाप काठमाडौं पत्रकार समाजका पदाधिकारीहरुले उपस्थित पत्रकारहरुलाई जाकेट लगायतका सामग्री प्रदान गरेका थिए ।

# स्थायी कमिटी बैठकमा हामीले प्रधानमन्त्रीको आलोचना गरेकै छैनौं



## भीम रावल
## नेता, नेकपा

सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य तथा पूर्व उपप्रधानमन्त्री डा. भीम बहादुर रावलले पार्टीको जारी स्थायी कमिटीको पाँचौं बैठकमा आफूहरूले प्रधानमन्त्री केपी शर्मा ओलीको आलोचना नगरेको जिकिर गरे । नेपाली रेडियो नेटवर्कबाट प्रशारण भएको 'नेपाली बहस' का लागि पत्रकार ऋषि धमलासँग कुरा गर्दै रावलले भनेका छन्- 'त्यो बैठकमा हामीले आलोचना गरेकै छैनौं । हाम्रो उद्देश्य भनेको पार्टी कित्तामा जाओस् । विधि, प्रणालीबाट चलोस् । राष्ट्रका जल्दाबल्दा कुराहरूमा पार्टीभित्र छलफल र बहस होस् । सामूहिक निश्कर्ष निस्कियोस् । पार्टीमा पक्षपात र मनपरी नहोस् । नेपाली जनताले बडो विश्वासका साथ बहुमत दिएका छन् । भरोसा गरेका छन्, त्यो कायम होस् भनेर कुरा उठाएको हो । हामीले कसैप्रति पूर्वाग्रह राखेर आलोचना गरेका होइनौं । प्रस्तुत छ रावलसँग धमलाले गरेको कुराकानीको सम्पादित अंश

**मदन भण्डारीको जन्मदिन उहाँलाई कसरी सम्झनुहुन्छ ?**

म श्रद्धय जननेता मदन भण्डारीलाई स्मरण गर्नुपर्दा उहाँ एउटा देशभक्त, इमानदार, पार्टीका उद्देश्य र लक्ष्यप्रति कठिबद्ध जननेता हुनुहुन्थ्यो । उहाँको लक्ष्यलाई सहयोग गर्न नसक्नेहरूले षड्यन्त्रमा पारे भनेर म त्यो घट्नालाई सम्झन्छु ।

**षड्यन्त्र पारे भनिरहँदा तपाईहरू सरकारमा हुनुहुन्छ, योबेला दासढुंगा हत्याकाण्डका दोषीलाई कारबाही गर्न सक्नुहुन्न ?**

यसमा एउटा कुराको स्मरण गराउन चाहन्छु । २०५१, ०५२ मा तत्कालीन नेकपा एमालेको अल्पमतको सरकार भएको बेलामा अनुसन्धान थालेका थियौं । छिट्टै सरकारबाट हट्नुपऱ्यो । त्यसपछि कुनैपनि सरकार अनुकूल भएनन् अनुसन्धानका लागि ।

**मनमोहन अधिकारीपछि माधव नेपाल, झलनाथ खनाल र केपी शर्मा ओली प्रधानमन्त्री बन्नुभयो अनि किन अनुकूल भएन ?**

त्यसपछिका दिनहरूमा जस्तो म गृहमन्त्री भएको बेला हाम्रो संयुक्त सरकार थियो । त्यसकारण त्यो बेलामा अनुसन्धान गर्नसक्ने अवस्था थिएन । रक्षामन्त्री त ९ महिना मात्रै भएको हो । त्यसपछिका सरकारहरूमा पनि अनुसन्धान गर्ने अवस्था थिएन । अब अहिलेको सरकारले के, कसो गरेको छ । त्यो मलाई जानकारी छैन ।

**विद्या भण्डारी राष्ट्रपति र केपी शर्मा ओली झन्डै दुई तिहाईको सरकारको प्रधानमन्त्री हुँदा पनि मदन भण्डारी हत्याकाण्ड रहस्यमै सीमित होइन ?**

अहिले उहाँहरूले के गर्दै हुनुहुन्छ त्यो उहाँहरूलाई नै सोध्नुहोस् । त्यसको बारेमा अहिले जानकारी छैन । पहिला हामीले अनुसन्धान आरम्भ गरेको हो । तर, यसमा रहस्य के छ भने त्यतिबेला त्यो गाडीको चालक अमर लामालाई रहस्यमय ढंगले कीर्तिपुरको जंगलमा कसले किन हत्या गऱ्यो । त्यसकारण यो वास्तवमा अत्यन्तै रहस्यमय घटना छ । यो घटनाको सम्बन्धमा मलाई चाहीं के लागेको थियो भने आफू बहुमतमा भएको बेलामा ठ्याक्कै दोषी पत्ता नलागेपनि घटनाक्रमलाई शृंखलाबद्ध ढंगले एकचोटी हेरेर नेपालमा देशभक्तिको आवाज उठानेहरूलाई दबाउने, मार्ने खालका खेलहरू भइराखेका छन् । त्यो बादलको पर्दा च्यातिन पाए हुन्थ्यो भन्ने मलाई लागेको हो ।

**तपाईंहरूको पार्टीको बैठक सरकारी निवास गरेर सरकारी स्रोतको दुरूपयोग भइरहँदा किन एक शब्द पनि बोल्नुभएन ?**

यो तपाईंको भनाइ नै गलत छ । हामीले सुरूदेखि नै पार्टीको बैठक पार्टी कार्यालय धुम्बाराहीमै बसौं भनेका छौं । त्यो बैठकमा आफनो पार्टीको झन्डा राखौं । आफनै पार्टीको साधन, स्रोतको प्रयोग गरौं भनेर सुरूदेखि नै भनेका छौं । तर, प्रधानमन्त्रीजीको स्वास्थ्य सम्वेदनशीलतालाई ध्यानमा राखेर बालुवाटारको जुन बैठक कक्ष छ । त्यो उहाँको स्वास्थ्यको लागि उपयुक्त छैन । त्यसकारण नगरौं भन्ने कुरा आयो भनेर व्यवस्थापनको जिम्मा प्राप्त नेतृत्वदायी हाम्रा नेताहरूले भन्नुभएको हुनाले हामी चुप लागेका हौं । अस्तिको बैठकमा हामीले के भनेका थियौं भने प्रधानमन्त्रीजी बैठकमा आउन नसक्ने अवस्था भयो । उहाँको स्वास्थ्य संवेदनशीलतालाई ध्यानमा राखेर बालुवाटारमा बैठक राखियो । तर, उहाँ नै नआउने हो भने यहाँ किन गर्ने ? धुम्बाराहीमै राखौं भनेर हामीले सम्बन्धित नेतृत्वको ध्यान आकृष्ट गरिसकेका छौं । तर, जनसमुदाय, मिडियामा पनि पार्टी कार्यालयमा नै पार्टीका गतिविधि हुनुपर्छ भन्ने आवाज उठेको छ । त्यो एकदमै उचित आवाज हो । म त्यसको कदर र समर्थन गर्दछु ।

**नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को जन्म नै बालुवाटारमा भयो नि ?**

तपाईंले फेरि गलत शब्द प्रयोग गर्नुभयो । कसरी नेपाल कम्युनिस्ट पार्टीको जन्म नै बालुवाटारमा भएको छ ? कसैलाई भ्रम नपरोस्-नेपाल कम्युनिस्ट पार्टीको जन्म २००६ सालमा भएको हो । त्यो बालुवाटारमा भएको होइन ।

**नेकपाको एकीकरण बालुवाटारमा भएको होइन ?**

एकीकरणको कुरा गर्नुभएको हो भने यसको घोषणा चाहीं राष्ट्रिय सभागृहमा भएको हो । तर, केन्द्रीय कमिटीको बैठक बालुवाटारमा भएको कुरा सत्य हो । त्यतिबेला पनि हामीले भनेका थियौं, 'किन त्यसो गर्ने अन्तै गरौं' हामीले भनेका थियौं । त्यो बेलामा पनि अगाडि मैले जे भनैं त्यही कुरा उठाएर बालुवाटारमा भएको हो ।

**स्थायी समिति बैठकमा तपाईंले आलोचना गरेकाले प्रधानमन्त्रीले सुन्न चाहनु भएन रे हो ?**

त्यो बैठकमा हामीले आलोचना गरेकै छैनौं । हाम्रो उद्देश्य भनेको पार्टी कित्तामा जाओस् । विधि, प्रणालीबाट चलोस् । राष्ट्रका जल्दाबल्दा कुराहरूमा पार्टीभित्र छलफल र बहस होस् । सामूहिक निश्कर्ष निस्कियोस् । पार्टीमा पक्षपात र मनपरी नहोस् । नेपाली जनताले बडो विश्वासका साथ बहुमत दिएका छन् । भरोसा गरेका छन्, त्यो कायम होस् भनेर कुरा उठाएको हो । हामीले कसैप्रति पूर्वाग्रह राखेर आलोचना गरेका होइनौं ।

**त्यसोभए प्रधानमन्त्रीले बोल्दाबोल्दै माधवकुमार नेपालले किन विरोध गर्नुभयो त ?**

त्यो उहाँले किन बोल्नुभयो ? प्रधानमन्त्रीले के भन्नुभएको थियो ? त्यो उहाँहरूलाई नै सोध्नुहोस् । त्यसको जवाफ मैले दिएँ भने फेरि तपाईंले हाम्रा बारेमा बोल्न कहाँबाट अधिकार पाउनुभयो भन्ने होला । त्यसैले उहाँहरूलाई सोध्नुहोस् । जहाँसम्म योजनाबद्ध भन्ने कुरा छ । त्यो जसले योजनाबद्ध गर्दछन् । उहाँहरूले उल्टै लगाएको आरोप हो । योभन्दा अगाडि घट्नाक्रमलाई हेर्ने हो भने हामीले स्थायी कमिटिका २० जना सदस्यहरूले बैठकको माग गऱ्यौं । किनभने त्यतिबेला देश विश्वव्यापी प्रकोपमा रहेको बेलामा एक्कासी अध्यादेश ल्याएर पार्टी सजिलै फुट्न सक्ने विधेयक ल्याइयो । तर, हामीले संविधानको धारा ३९ को ४ बमोजिम जुन बोलाउनैपर्ने स्थायी समितिको बैठक त्यो बेलामा माग गरेका थियौं । त्यो पनि गरिएन । त्यसकारण यो सब फजुल कुरा हो ।

**कार्यकारी अध्यक्ष प्रचण्डले जुन अभिव्यक्ति दिनुभयो नि त्यसले प्रधानमन्त्रीलाई निरासा बनायो अरे नि ?**

यहाँ को व्यक्ति निरास हुनुभयो, को खुसी हुनुभयो त्यो महत्वपूर्ण विषय होइन । महत्वपूर्ण कुरा त हामीले राष्ट्रले सामना गर्नुपर्ने चुनौतिको एकताबद्ध भएर पार्टीको नीति, पद्धति र सिद्धान्तअनुसार कसरी गर्न सकिन्छ । राष्ट्रलाई सर्वोपरि हित हुनेगरी राष्ट्रको स्वाधिनता, स्वतन्त्रता, राष्ट्रिय अखण्डतालाई सर्वोपरी राखेर हामी कसरी काम गर्न सक्छौं । त्यो दिशमा कसले काम गऱ्यो, कसले गरेन । कहाँ कमजोरी भए, छन् भने त्यसलाई कसरी हटाउने भन्ने विषयमा छलफल हुनु महत्वपूर्ण हो । त्यसमा छलफल गर्दा को खुसी हुन्छ ? को दुःखी हुन्छ, को निरास हुन्छ त्यतातिर हिसाबकिताब गरेर साध्य हुन्छ ।

**तपाईंहरूको कारणले प्रधानमन्त्रीको चित्त दुखेको छ रे ?**

उहाँको चित्त दुखेको छ, छैन । त्यो तपाईंलाई नै थाहा होला मलाई थाहा छैन । हामीले त पार्टी, जनता र देशको बृहत्तर हितमा काम गर्नुपर्छ भनेका छौं । त्यो कुरा भन्दा कसैको चित्त दुख्छ भने अब हामीले भन्ने के हो ? त्यसको बारेमा पनि बसेर छलफल गर्दा भइहाल्यो नि ।

**स्थायी समिति बैठकमा प्रधानमन्त्री फेरि पनि आउनुभएन भने तपाईंहरूसँग विकल्प के छ ?**

म त त्यो अवस्थाको परिकल्पनै गर्दिन् । पार्टीको नेतृत्व गर्छु भन्ने व्यक्ति, देशको नेतृत्व गर्छु भन्ने व्यक्ति पार्टीका बैठकमा उपस्थित हुन नचाहने र पार्टीका नेताहरूले उठाएका कुरा म सुन्नै चाहन्न भन्ने कुराको म परिकल्पना नै गर्दिन् । यदि कुनै व्यक्तिलाई कसैका कुरा सुन्नै मन छैन भने बैठक नै नबोलाए भइहाल्यो नि । तपाईंहरूका यी-यी कुराहरू मलाई सुन्ने इच्छै छैन भन्दिए भइगयो नि । अब उहाँ किन आउनुभएन त्यो कुरा त हामी उठाइहाल्छौं । त्यसकारण म फेरि दोहोऱ्याएर के भन्छु भने पार्टीको कुनै पनि जिम्मेवार व्यक्ति त्यो पनि देशको प्रधानमन्त्रीजस्तो गरिमामय पदमा रहनुभएको व्यक्तिले पार्टीको बैठकमा आउनुपर्छ । उठेका कुराहरू सुन्नुपर्छ । आफ्ना भनाइहरू के हुन् ती राख्नुपर्छ । अरूका भनाइ गलत भए त्यसको खण्डन गर्नुपर्छ । ठीक छन् भने ती कुरा स्वीकार गर्नुपर्छ । यो नेपाल कम्युनिस्ट पार्टीको नीति, विधि, पद्धति र सिद्धान्त हो ।

**प्रधानमन्त्रीले कार्यकारी अध्यक्षको जिम्मा प्रचण्डलाई दिएर उहाँ आउनुभएन भने तपाईंहरू के गर्नुहुन्छ ?**

उहाँ बैठकमा आउनुभएन भन्ने कुराको म परिकल्पना गर्दिन । दोस्रो कुरा, हिजो हामीलाई खबर गरिएको थियो उहाँको स्वास्थ्यको कारणले गर्दा लामो समय बस्न नसक्ने हुनुभयो भन्ने कुराको । मान्छे स्वास्थ्यको कारणले कामै गर्न नसक्ने, जिम्मेवारी बहन गर्न नसक्ने अवस्थामा पुग्यो भने जबर्जस्ती गर्न त मिलेन । भोलि मेरै भनौ मैले मेरो स्वास्थ्यको कारणले म स्थायी समिति सदस्य भएर अब काम गर्न सक्दिँन भनें भने तैंले स्थायी कमिटि सदस्य भएर काम गरिरहनुपर्छ भनेर कसैले भन्न सक्दैन नि । त्यसो भएर उहाँले आफ्नो स्थिति प्रष्ट पार्नुहोला । अर्को कुरा पार्टीको सामाजिक शक्ति, बल, बुद्धि हजारौं, लाखौं सदस्यहरूबाट बनेको संगठन हो । यो संगठनमा मानेलिऊ म अथवा अर्को कुनै व्यक्तिको अनुपस्थिति हुँदैमा त्यो संगठन एउटै व्यक्तिको कारणले गर्दा सबै निश्क्रिय भए । प्रक्रिया अगाडि बढ्दै बढेन । त्यो पार्टीका विधान, नीति, विधि, सिद्धान्त कुनै कुराले पनि त्यस्तो अवस्था आउन दिंदैन नि ।

**कोरोना भगाउने जन्तरको बारेमा तपाईंको प्रतिक्रिया आएन नि ?**

अब कसले जन्तर ल्यायो, कसले औषधि ल्यायो । त्यो त पार्टीको नीति, सिद्धान्तको विषय भएन नि । त्यो चिकित्सक, सम्बन्धित विज्ञले भन्ने कुरा हो । मैले आफूले गरेको पनि होइन म आफैलाई विश्वास पनि छैन ।

**माधव नेपालले दिनुभएको जन्तर लिनुभएन ?**

मैले एकचोटी हेरैं, यो के-के भन्ने भयो बुझिँन । मेरो घाँटीमा तपाईं जन्तर देख्नुभएको छ ? यस्ता कुरालाई पार्टीको नीति, सिद्धान्त नै बनाएर के-के न गरैं भन्ने होइन । सम्बन्धित विज्ञहरूले यो कुरा होइन यसमा भ्रम नपर्नुहोस् भन्नुभयो भने हामीले त्यो कुरा छोडिदिनुपर्छ । किनभने यसले जनतालाई भ्रम पर्न सक्छ । विज्ञहरूले यो होइन यो नगरौं भनेपछि हामीले त्यो कुरा सुन्नुपर्छ । मैले सुनेको छु । किनभने स्वास्थ्य मन्त्रालयका सम्बन्धित व्यक्तिले 'यो कुनै वैज्ञानिक प्रमाणित कुरा होइन' विश्वस्थ्य संगठनले पनि प्रमाणित गरेको कुरा होइन त्यो कुराले जनताहरूमा भ्रम हुन्छ । नेताहरूले नै त्यसो गरिदिएपछि यसको प्रभाव नराम्रो पर्छ । मैले हिजै भनिसकेको छु, हामी यस्ता कुराको पछाडि लाग्नुहुँदैन भनेर ।

**ज्ञानेन्द्रबहादुर कार्कीले त एमसीसी परियोजनाको सम्झौतामा भीम रावलको पनि संलग्नता छ भन्नुभयो सही हो ?**

देशको एउटा कुनै पार्टीको नेता हुँ भन्ने व्यक्ति । जो अर्थमन्त्री पनि भइसक्नुभएको छ । उहाँबाट दुईवटा कुरा सुनेको छु । म तपाईंकै सञ्चारमाध्यमबाट उहाँलाई प्रश्न गर्न चाहन्छु । 'म त्यो कुराको कुन बैठकमा ? के विषयमा, कुन मितिमा, कहाँनेर संलग्न भएँ ? उहाँले नेपाली जनतालाई भन्नुपर्छ । यस्ता भ्रम सिर्जना गरेर अरूलाई अतिरञ्जना गऱ्यो भन्ने आफू गलत कुरा गरेर एउटा दफा पनि उहाँको अन्तर्वार्ता मैले सुनेको छु । उहाँले मैले उठाएको कुनै दफामा त्यस्तो छैन भनेर भन्न सक्नुभएन । मैले ती दफाहरू पढेर नेपाली जनतालाई सुनाइरहेको छु । मैले सुनाएका ती दफाको बारेमा एउटा पनि खण्डन नगर्ने अनि भ्रम फिजायो, देशप्रति दुराग्रह राख्यो भनेर मनोगत कुरा गरेर उहाँले भीम रावलको पनि संलग्नता थियो भन्नुभयो मलाई त्यसमा हाँस उठ्यो । मेरै बारेमा त्यस्तो कुरा गरेपछि त्यो झुठा हो भन्ने प्रष्ट भयो । जब मलाई त्यो कुरा थाहा पनि छैन । जुनबेला सम्झौता प्रतिनिधिसभामा प्रस्तुत भयो त्यो दिन मात्रै थाहा पाएँ । अर्को उहाँले त्यो सम्झौता नेपालको संविधानमा माथि हुनेछ भनेर लेखेको छ भन्न समेत भ्याउनुभयो । त्यो सम्झौताको कुन धारा नेपालको संविधानमाथि हुनेछ भनेर लेखिएको छ ? अर्को कुरा त्यहाँको कर्मचारीसँग हस्ताक्षर गरेकोमा उहाँ के तर्क दिनुहुन्छ भने त्यहाँ राज्यमन्त्रीको उपस्थिति थियो भनेर । एक उहाँ आँफै मन्त्री राज्यमन्त्रीसँग त्यसमा अझ राज्यमन्त्री नै थिएनन् । अथवा त्यो सम्झौतामा कम्तिमा राज्यमन्त्रीलेसम्म सही गरिदिएको भएपनि हुन्थ्यो । अनि कार्यवहाक कर्मचारीसँग सही गर्ने फेरि भन्ने राज्यमन्त्रीको उपस्थिति थियो । योभन्दा गैरजिम्मेवारी कुरा के हुन सक्छ ?

**अब एमसीसी नेपालबाट गयो ?**

यो मिलेनियम च्यालेन्ज कर्पोरेसनसँग नेपालले गरेको सम्झौता नेपालको हित, हाम्रो शासन प्रणाली, नेपालको कानुन र हामीले अपनाएको बाटो केहीसँग पनि नमिल्ने र एउटा कम्पनीले हस्ताक्षेर गर्ने र त्यो कम्पनीमार्फत एउटा देश हुने हुनाले पारित नगरौं भनेको हो । यदि ती गलत कुराहरू सबै हटाइयो भने अमेरिकासँग अनुदान लिने कुरामा हाम्रो विमति पनि छैन । अमेरिकासँग हाम्रो कुनै पूर्वाग्रह पनि छैन । जहाँसम्म म्यादको कुरा छ-त्योपनि नेपाली जनतालाई भ्रमित बनाउने काम भएको छ । पहिला वर्षमा भएन जान्छ भनियो । त्यसपछि सेप्टेम्बरमा भएन भने जान्छ भनियो । अहिले असार १६ गते भएन भने जान्छ भनियो । यदि यो जान्छ भने जान्छ त ।

**अहिले उहाँहरुले के गर्दै हुनुहुन्छ त्यो उहाँहरुलाई नै सोध्नुहोस् । त्यसको बारेमा अहिले जानकारी छैन । पहिला हामीले अनुसन्धान आरम्भ गरेको हो । तर, यसमा रहस्य के छ भने त्यतिबेला त्यो गाडीको चालक अमर लामालाई रहस्यमय ढंगले कीर्तिपुरको जंगलमा कसले किन हत्या गऱ्यो । त्यसकारण यो वास्तवमा अत्यन्तै रहस्यमय घटना छ । यो घटनाको सम्बन्धमा मलाई चाहीं के लागेको थियो भने आफू बहुमतमा भएको बेलामा ठ्याक्कै दोषी पत्ता नलागेपनि घटनाक्रमलाई शृंखलाबद्ध ढंगले एकचोटी हेरेर नेपालमा देशभक्तिको आवाज उठानेहरुलाई दबाउने, मार्ने खालका खेलहरु भइराखेका छन् ।**

# नेपाल बैंकको १५५ चुक्ता पुँजी स्टक एक्सचेञ्जमा सूचीकृत

नेपाल बैंक लिमिटेडले आफ्नो हाल कायम चुक्ता पुँजीको १५ प्रतिशतले हुने रकम नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको बोनश सेयरमा सूचीकरण गरेको छ ।

बैंकको हालै सम्पन्न ६०औँ वार्षिक साधारणसभाबाट स्वीकृत चालू आवसम्मको चुक्ता पुँजीबाट एक अर्ब ४७ करोड १६ लाख ७२ हजार २०० रकम बराबरको एक करोड ४७ लाख १६ हजार ७२२ कित्ता बोनस सेयर सूचीकरण भएको हो ।

बैंकले विज्ञप्ती जारी गरेर बोनस सेयर अभौतिकीकरण (डिम्याट) भएपछि खातामा जाने भएकाले आफ्ना शेयरधनीलाई यथाशीघ्र खाता अद्यावधिकका लागि आग्रह गरेको छ ।

# ऊर्जा विकासका लागि विश्व बैंकको १२ अर्ब सहयोग

विश्व बैंकले नेपालको ऊर्जा क्षेत्रका लागि १० करोड अमेरिकी डलर अर्थात १२ अर्ब रुपैयाँ सहयोग गर्ने भएको छ । कोभिड १९ को प्रभाव न्यूनीकरण तथा विद्युत क्षेत्रको सुधारका लागि ऋण सहयोग गर्ने भएको हो । अर्थ मन्त्रालयमा




बुधबार अर्थ सचिव शिशिरकुमार ढुंगाना र विश्व बैंकका नेपाल प्रमुख फारिस हदाद जर्भोसले ऋण सहायताबारे सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । यो रकम डेभलपमेन्ट पोलिसी क्रेडिट (डीपीसी) अन्तर्गत नेपालको ऊर्जा क्षेत्रमा ऋण सहायता विश्व बैंकले गत २१ जेठमा स्वीकृत गरेको जनाएको छ ।

विश्व बैंकको सो सहायता खासगरी नेपाल विद्युत् प्राधिकरणको वित्तीय क्षमता अभिवृद्धिका साथै विद्युत् नियमन आयोगले अघि बढाउने कामका लागि सहयोग हुनेछ । विश्व बैंकका अनुसार, नीतिगत, नियमन र संस्थागत सुधारमा विश्व बैंकको सहायता उपयोग हुनेछ । प्राधिकरणको पुर्नसंरचना, संघीयतापछिको अवस्थामा यसको सम्भावना, विद्युत महशुल समायोजन, ऊर्जा क्षेत्रको नियमन लगायतमा यो उपयोग हुने छ ।

सम्झौतापत्रमा हस्ताक्षरपछि सचिव ढुंगानाले ऋण सहायता ऊर्जा क्षेत्रको विकास र नियमनका लागि उपयोग हुने बताए । विश्व बैंकका कन्ट्री म्यानेजर फरिस हदद जर्भोसले कोरोना महामारीपछिको विद्युत् क्षेत्र सुधारका लागि ऋण सहायता उपयोगी हुने बताए ।

# गुहेश्वरी मर्चेण्ट फाईनान्स एससिटि नेटवर्कमा आबद्ध

गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेड स्मार्ट च्वाइस टेक्नोलोजीसँग आवद्ध भएको छ । फाइनान्सका ग्राहकलाई विविध भुक्तानी उपकरण र डिजिटल भुक्तानीका सेवा उपलब्ध गराउने उद्देश्यले आइतबार दुई संस्थाबीच औपचारीक सम्झौता सम्पन्न भएको छ ।

सम्झौतामा एससिटीका तर्फबाट कामु प्रमुख कार्यकारी अधिकृत दिपेश मास्के र गुहेश्वरी फाइनान्सका तर्फबाट प्रमुख कार्यकारी अधिकृत दिनेशलाल श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

यसबाट गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेडका ग्राहकलाई विविध आवश्यकता बमोजिम छिटो/छरितो, मितव्ययी र सरल ढंगले बैकिङ्ग सेवा र सुविधाहरु प्राप्त हुने भन्दै कम्पनीले परम्परागत प्रणालीलाई विस्थापित गर्दै नगद रहित आधुनिक भुक्तानी प्रणालीको विकास र प्रवर्धन गर्ने स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेडको लक्ष्य बमोजिम बैंक तथा वित्तीय संस्थाहरुलाई यस्ता सेवा र सुविधा उपलब्ध गराउदैं आएको बताएको छ ।

# डेभलपमेन्ट बैंकर एशोसिएसन नेपालको १४ साधरणसभा सम्पन्न

काठमाडौं । डेभलपमेन्ट बैंकर एशोसिएसन नेपालले आफ्नो १४ औ साधरणसभा यहि १२ गते केन्द्रीय कार्यलयमा सम्पन्न गरेको छ । हाल बिश्वमा फैलिरहेको माहामारी र नेपाल सरकारले नेपालीलाई बचाउन बनाएको मापदण्ड




भित्र रहेर डेभलपमेन्ट बैंकर एशोसिएसन नेपालको कार्यलयवाट भिडियो कन्फ्रेस गरेर १४ औं साधरणसभा सम्पन्न गरेको कार्यलय सचीव हेमजङग कार्कीले जानकारी दिनुभएको छ । आउदा दिनहरु सहज हुने र आर्थिक क्षेत्रमा सुधार गदै कोरोना १९ ले पारेको आर्थिक संकट र चुनौतिलाई डेभलपमेन्ट बैंकर एशोसिएसनले संयुक्त रुपमा सामाना गर्ने प्रतिवद्धता समेत उक्त साधरणसभामा गरिएको कार्यलय सचीवले जानकारी दिनुभएको हो ।

# एनआईसी एसिया बैंकद्वारा बिमा दाबी भुक्तान

एनआईसी एसिया बैंकले घातक रोग उपचार बिमा बापत दुई जनालाई जनही १५-१५ लाख रुपैयाँका दरले ३० लाख बिमा रकम भुक्तानी गरेको छ ।

चामत्कारिक बचत खाता 'डायमन्ड' श्रेणीमा खाता खोलेका नवलपरासीस्थित भुमई निवासी दीपक श्रेष्ठलाई क्यान्सर रोगको उपचार वापत र सुपर चामत्कारिक बचत खाता 'डायमन्ड' श्रेणीको खाता खोलेका काठमाडौंस्थित बूढानिलकण्ठ निवासी वसन्तराज कुँवरकी श्रीमती पूजा कुँवरको क्यान्सर रोगको उपचार वापत उक्त रकम भुक्तानी गरिएको बैंकले जनाएको छ ।

श्रेष्ठलाई शिखर इन्स्योरेन्स र कुँवरलाई एभरेष्ट इन्स्योरेन्सको सहकार्यमा बिमा दाबी रकम बैंकले भुक्तानी गरेको जनाएको छ ।

# राष्ट्रिय वाणिज्य बैंकका प्रबन्धक पक्राउ

बाँके । सरकारी कागज किर्ते गरी ऋण प्रवाह गरेको प्रकरणमा बाँके प्रहरीले राष्ट्रिय वाणिज्य बैंक त्रिभुवन चोकका शाखा प्रबन्धक ललितबहादुर शाहीलाई पक्राउ गरेको छ । एक करोड २५ लाख रुपैयाँ ऋण लिएका सुनचाँदी व्यवसायी रिजवान अहमद जसगढको मुद्दा अनुसन्धान गर्ने क्रममा प्रबन्धक शाहीलाई शुक्रबार पक्राउ गरिएको बाँकेका प्रहरी उपरीक्षक ओमबहादुर रानाले जानकारी दिए ।

उनका अनुसार प्रबन्धक शाहीलाई अनुसन्धानका लागि शुक्रबार नै जिल्ला अदालतबाट म्याद थप गरी प्रहरीले घटनाबारे अनुसन्धान सुरु गरेको छ । जग्गाधनी प्रमाणपत्र (लालपूर्जा), ट्रेस, नक्सा, कर तिरेको रसिद, मालपोत




कार्यालय र नेपालगञ्ज उपमहानगरपालिकाको लेटरप्याड, हस्ताक्षर, छाप र प्रमुखको हस्ताक्षरसमेत किर्ते गरेर बैंकबाट ऋण लिएको अभियोगमा नेपालगञ्ज उपमहानगरपालिका वडा नं ११ निवासी सुनचाँदी व्यवसायी जसगढ जेठ २७ गते नै पक्राउ परेका थिए । प्रहरीले किर्ते कागजातको अनुसन्धान गर्दा बैंकका प्रबन्धक शाहीलाई पक्राउ गरेको हो । बैंकका अरु कर्मचारीसँग पनि बयान लिने काम भइरहेको प्रहरी उपरीक्षक रानाले बताए । २५ लाखभन्दा बढीको ऋण स्वीकृत गर्दा केन्द्रको अनुमति चाहिने प्रावधान रहेकाले नक्कली कागजपत्रकै आधारमा एक करोड २५ लाख ऋण प्रवाहमा बैंकका माथिल्लो तहका कर्मचारीको पनि संलग्नता भएको प्रहरीको अनुमान छ । सरकारी छाप किर्तेको अनुसन्धान सकिएपछि बैंकिङ कसूरको अनुसन्धान गरिने प्रहरीले जनाएको छ ।

# मुक्तिनाथ विकास बैंकद्वारा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम सञ्चालन

काठमाडौं । मुक्तिनाथ विकास बैंकले लि. ले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत देशको विभिन्न स्थानहरुका संघ सस्थाहरुलाई सहयोग गरेको छ । बैंकको शाखा कार्यालय जनकपुरले चिकित्सक संघ, जनकपुरलाई स्वास्थ्यकर्मीहरुको लागि स्वास्थ्य सामग्री खरिद गर्नका लागि रु ५०,०००र- आर्थिक सहयोग गरेको छ । स्वास्थ्यकर्मीहरु कोरोना भाइरस संक्रमितहरुसंग प्रत्यक्ष सम्पर्कमा रहंदा कोरोनाभाइरस संक्रमणको उच्च जोखिम हुने भएकोले स्वास्थ्य सामग्री खरिद गर्न उक्त रकम हस्तान्तरण गरिएको हो ।

यसका साथै, शाखा कार्यालय बुटवलले, सियारी गाँउपालिका वडा नं ६, बर्दहवा बुटवलमा रहेको दुर्गा देवी आधारभूत विद्यालयमा अध्यनरत जेहेन्दार तथा विपन्न वर्गका विद्यार्थीहरुलाई रु ५०,०००र- बराबरको शैक्षिक सामग्री हस्तान्तरण गरेको छ । त्यसैगरी, शाखा कार्यालय रामापुर कोलोनीले, मुर्गिया खानेपानी उपभोक्ता तथा सरसफाई संस्थालाई टोल सफा राख्नकालागि डस्टवीन हस्तान्तरण गरेको छ । साथै, क्षेत्रीय कार्यालय पोखराले जिल्ला ट्राफिक प्रहरी कार्यालय भवन निर्माण समिति, कास्कीलाई भवन निर्माणका लागि रु २५,०००र- बराबरको आर्थिक सहयोग गरेको छ । बैंकले जिल्ला ट्राफिक प्रहरीको आफ्नै भवन निर्माण गर्नका लागि सहयोग गरेको हो । मुक्तिनाथ विकास बैंकले हाल ४२ जिल्लामा १३६ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत निक्षेप तथा कर्जा सेवाहरु प्रदान गर्दै आईरहेको छ । साथै, प्रविधिमा आधारित रही मोबाईल बैंकिङ्ग, क्यूआर पेमेन्ट, एटिएम, अनलाईन बैंकिङ्ग लगायतका सेवाहरु प्नि प्रदान गर्दै आईरहेको बैंकका प्रमुख सूचना अधिकारी तिलबहादुर गुरुङ्गले बताउनुभयो ।

## बैकिङ्ग संसार

# बैंक अफ काठमाण्डू लिमिटेडको ग्राहक महानुभावलाई बीमा दाबी रकम भुक्तानी

बैंक अफ काठमाण्डू लिमिटेड द्वारा बिओके सुपर तलब खातामा विभिन्न सुबिधाहरुका साथ रु. सात लाख दुर्घटनाजन्य मृत्यु तथा पूर्ण अशक्तताको बीमा सुबिधा उपलब्ध गराउर्दै आईरहेको छ । यस खातामा रहेका थुप्रै




सुबिधाहरुको प्रयोगवापत लाभ लिन श्री नेपाल ईकरात ईन्जिनियरिङ्ग कम्पनी प्रा.लि.ले कर्मचारीहरुको तलब खाता बैंक अफ काठमाण्डू लिमिटेडको हेटौंडा शाखामा विगत केही समय देखि संचालन गर्दै आईरहेको छ । साथै, बैंकको उक्त तलब खातामा रहेको बीमा सुबिधा श्री एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडसंगको सहकार्यमा उपलब्ध गराउँदै आएको थियो । उक्त ईन्जिनियरिङ्ग कम्पनीमा कार्यरत कर्मचारी रविन सूनारको दुर्घटनामा परी असामयिक निधन भएको थियो ।

निधनपश्चात् स्व.सुनारका पिता श्री ठुलो कान्छा सुनारलाई बैंकको हेटौंडा शाखा कार्यालयका शाखा प्रबन्धक श्री रमेश प्याकुरेलज्यूले उक्त बीमा दाबी रकम रु. सात लाखको हस्तान्तरण गर्नुभयो ।

बैंकले हाल ८९ शाखा कार्यालयहरु, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टर मार्फत आफ्ना ग्राहक महानुभावहरुलाई बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्दै आईरहेको छ ।

# कामना सेवाको अनलाईन कर्जा सञ्चालनमा

काठमाडौं । कामना सेवा बिकाश वैकले अनलाइन कर्जा सेवा शुरु गरेको जनाएको छ । यहि १४ गते देखि लागू हुनेगरी बैंकको वेबसाइट

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

मार्फतअनलाईन कर्जा योग्यता मापन/आवेदन गर्न सकिने सुविधा सञ्चालनमा ल्याएको छ ।अब ग्राहक माहानुभावहरुले घरैमा बसेर कामना सेवा विकास बैंकको जुनसुकै शाखा कार्यलयमा शेयर कर्जा, प्रोफेश्नल लोन, घर कर्जा, सवारी कर्जा, व्यापारिककर्जा लागि आवेदन दिन सकिने कामना सेवा बिकाश बैकको सञ्चार शाखाले जानकारी दिएको छ ।

# पर्यटनमा सहकारीको आकर्षण बढ्दै

ग्रामीण क्षेत्रमा होमस्टेदेखि स-साना होटल, रिसोर्टका साथै कृषि फार्महरूमार्फत कृषि पर्यटन र फार्मस्टे जस्ता क्रियाकलापहरू सहकारीमार्फत हुन थालेका छन् । सरकारले सहकारी संस्थाहरूलाई उत्पादन तथा सेवामूलक क्षेत्रमा प्रोत्साहन गरेसँगै सहकारी संस्थाहरू पर्यटकीय गतिविधिमा आकर्षित हुन थालेका छन् । पर्यटन सहकारीका साथै बहुउद्देश्यीय र कृषिलगायतका सहकारीको माध्यमबाट ग्रामीण क्षेत्रमा पर्यटनजन्य व्यवसायमा सहकारीको चासो बढ्न थालेको हो । सहकारीको माध्यमबाट ग्रामीण क्षेत्रमा होमस्टेका साथै ससाना होटल, रिसोर्टका साथै कृषि फार्महरूमार्फत कृषि पर्यटन र फार्म स्टे जस्ता क्रियाकलापहरू बढ्न थालेका छन् ।

नेपाल पर्यटन केन्द्रीय सहकारी संघका उपाध्यक्ष मुकुन्द दाहालका अनुसार देशभर एक सयभन्दा बढी पर्यटन सहकारी दर्ता भएका छन् । यसैगरी दुई वटा जिल्लामा पर्यटन सहकारीको जिल्ला संघ र केन्द्रीय संघ समेत दर्ता गरी पर्यटन सहकारीहरूको संस्थागत विकासका लागि समेत पहल भइरहेको उपाध्यक्ष दाहालले जानकारी दिए । केन्द्रीय संघमा विभिन्न जिल्लाका ३० वटा पर्यटन सहकारीहरू आवद्ध रहेको उनले जानकारी दिए ।

पर्यटन नेपालको मुख्य सम्भावनायुक्त क्षेत्र भएकाले सहकारी पनि यसमा विस्तारै अघि बढ्दैछ संघका उपाध्यक्ष दाहालले भने, पर्यटन व्यवसायमा आवद्ध साथीहरू मिलेर सहकारी गठन गरी होमस्टेदेखि होटल सञ्चालनको काम भइरहेको छ । राज्यसँग सहकारीको तथ्यांक तथा अभिलेख राख्ने प्रणाली नहुँदा सहकारीमार्फत पर्यटन विकासमा भएका गतिविधिहरूको विवरण भने बाहिर आउन सकेको छैन । संघका अनुसार सौराहामा पर्यटकहरूलाई हात्ति सफारी गराउने काम सहकारीमार्फत नै भइरहेको छ । यसैगरी नुवाकोटको पर्यटन सहकारीमार्फत नै रिसोर्ट संञ्चालनमा छ ।

ललितपुरमा पनि सहकारीमार्फत नै रिसोर्ट निर्माण भइरहेको छ । ललितपुरको गोटीखेलमा निर्माणाधीन रिसोर्टले ग्रामीण पर्यटन विकासमा पद्दत पुऱ्याउने सहकारी अभियन्ता रामशरण शर्मा घिमिरे बताउछन् । सहकारीमार्फत पर्यटन विकासको सम्भावना देखेर नै हामीले लगानी गरेका हौं, उनले भने, कोरोनाका कारण केही ढिलाइ भए पनि छिट्टै नै सञ्चालनमा ल्याउँछौं । सहकारी अभियानको शिर्षस्थ निकाय सहकारी महासंघले समेत सहकारीमार्फत पर्यटन विकासको सम्भावना भएकाले यसलाई प्रोत्साहन गर्ने नीति लिएको छ । सहकारीमार्फत पर्यटन प्रवर्द्धनका लागि महासंघले यस वर्षको सहकारी दिवसका लागि समेत 'मर्यादित श्रम र पर्यटनका लागि सहकारी' भन्ने नारा तय गरेको छ । महासंघका अध्यक्ष मीनराज कँडेल पनि कोरोना महामारी सकिएपछि तय गरिएको नारा अनुसार सहकारीलाई पर्यटनमा प्रोत्साहन गरिने बताउँछन् । सरकारले सरकारले भिजिट नेपाल २०२० मनाइरहेको अवसरमा सहकारी क्षेत्रले समेत यो नारा अघि सारेको हो, उनी भन्छन्, कोरोना महामारी सकिएपछि यो विषयलाई जोड दिन्छौं । नेपालका हरेक भूभाग पर्यटकीय सम्भावना बोकेकाले सहकारी क्षेत्रले यसलाइ प्रयोग गर्नसक्ने उनको भनाइ छ ।

# लाचार र निकम्मा सरकार



कृष्ण बहादुर बोगटी काका
धुम्बाराही ४ काठमाण्डौ
हाल ः चक्रबहिल- १२, ललितपुर

नेकपाको सरकार निकम्मा भैसकेको छ । प्रधानमन्त्रि जस्तो गरिमामय पदमा बस्ने केपी शर्मा ओली ज्यूलाई कसैले पनि टेरेको देखिदैन । भारतले विषादी प्रयोग नगर भनेर पठाएको पत्रको जानकारी नगराउनेलाई कस्तो कार्वाही भयो, एनसेल ले अर्बौं पाटिलाई दियो र भन्यो । कर तिरेन त्यसलाई कार्वाही भएन बालुवाटार खानेलाई सम्मान गऱ्यो । कार्वाही भएन नेपालको प्रधान मन्त्रिलाई सबै नेता मन्त्री कर्मचारीहरुले पिएन लाई दिने जस्तो सम्मान पनि दिएको देखिदैन सबैभन्दा तुच्छ मानेको छ तर कसैलाई पनि कार्वाही हुन सकेको छैन आपफ्नो पार्टिको कार्यकर्ताले जस्तो सुकै गद्धार गरेपनी प्रधानमन्त्रिले कुनै सामान्य सोधपुछ समेत गरेको देखिदैन कम्युनिष्ट भए जे गरे पनि छुट अरु कसलाई पनि एक आँखाले पनी नदेख्ने कस्तो केपी रैछ जसले लाखौ नेपालीलाई बेघर बनाई रहेको छ । त्यस्तालाई सम्मान गर्नुपर्ने विचार पुर्व राजा, नेपाली नागरिक भै बसेकालाई देखि नसक्ने कस्तो प्रबृत्ति हो एउटा नागरिकले देष र जनताको चिन्ता गर्नु अपराध हो । अहिले नेपालमा नेकपा को रजाइछ । जनताले नेकपालाई नाता गोता पोसन र आफै मात्रै बन्ने आफै मात्रै खाने उपचार पनी नेता मन्त्रीलाई मात्र चाहिने जनताले चै खाली कर मात्र तिर्नुपर्ने कस्तो जमाना आयो उमेरले ६० बर्ष भए आजसम्म यस्तो भ्रष्टाचारी नेता मन्त्री दखेकै थिएन नेता ठेकेदार नेता सबै अस्पताल स्कुल सबैतिर आफ्नै लगानी गर्नु पर्ने हुनु पर्ने यो कस्तो कम्युनिष्ट सरकार भ्रष्टाचारी मेडिकल माफिया देश द्रोही ठुला ठुला भ्रष्टाचारीहरुलाई मात्र साथ दिएको देखिन्छ जनतालाई खाली ठूलाठूला कुरा गर्ने अनि जनतलाई खाली ठूल ठूला कुरा गर्ने अनि जनतालाई एक घुटको पानी पनि नदिने यो कस्तो सरकार हो । कसैले नेकपाको विरोध गरे मात्र पनी खनिने सरकार जनताको हुन सक्दैन । अब जनताको रोजीरोटी तिर ध्यान नदिने हो भने अब नेपालमा कुनै समयमा नेपालमा पनी कम्युनिष्ट सरकार थियो भन्ने कथा मात्र हुन्छ । नेपालमा मनमोहन अधिकारी जस्ता महान नेता पनि थिए मनमोहन को सरकारले गरे जस्तो राम्रो काम २० बर्षसम्म पनी गर्न सक्ने देखिदैन किनकी केपीको सरकार खाली पैसा र शक्तिमा मात्र चलेको देखिन्छ । आफ्नो पार्टिको झोलेले जस्तो सुकै गद्धार गरोस उसलाई कैले कार्वाही हुनेवाला देखिदैन अब जनताले कस्तो आसा गर्ने । कुरा धेरै ठूलो नगर काम गर जनता हिड्ने बाटो छैन खानेपानी छैन नेता मर्ने विदेशी पानी खाई विदेशमा उपचार गर्नजाने गर्दछन त्यो पनि जनताले तिरेको करबाट जनता भने एक रुपैयाको सिटामोल खान पनी नपाएको देखिन्छ । अब मनमोहन अधिकारी र मरिचमान श्रेष्ठ जस्ता नेताको सारै खाचो भएको छ । जनता र देशको लागी काम गर्ने श्रेष्ठ र अधिकारी जस्ता नेता पठाई दिनु पऱ्यो हे भगवान शिव हामी सबै नेपाली त्यही विन्ती गर्छौं । नेता धेरै पाईयो दुःख धेरै खाइयो विदेशीहरुको सेवा गर्ने नेता धेरै पाइयो । अब नेपाल र नेपालीको सेवा गर्ने चाहियो जय मेरो देश नेपाल आमा रक्षा गर अरु पछि लेखौला । जय नेपाल ।

# नेपाल–चीनबीच सीमा विवाद छैनः मन्त्री ज्ञवाली

परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले नेपाल-चीनबीच सीमासम्बन्धमा विवाद नरहेको स्पष्ट पार्नुभएको छ । राष्ट्रियसभाको आजको बैठकमा विशेष समय लिएर उहाँले केही सञ्चार माध्यमले नेपालको भू-भाग चीनले अतिक्रमण गरेको भन्ने 'फेक न्यूज' सम्प्रेषण गरेको भन्दै दुई देशको सम्बन्धलाई असर पर्ने गरी समाचार सम्प्रेषण नगर्न आग्रह गर्नुभयो । नेपालका केही भू-भाग चीनले अतिक्रमण गर्यो भन्ने समाचार सार्वजनिक भयो, नेपालको भू-भाग चीनतर्फ पनि चारकिल्लामा सीमा अतिक्रमण गरेको भन्ने समाचार कसरी आयो ?,

मन्त्री ज्ञवालीले भन्नुभयो, सो कल्ड प्रतिवेदन कस्ले कसरी बनायो, त्यसको बारेमा सरकारले अध्ययन गरिरहेको छ, गलत सूचनाले दिग्भ्रमित बनाउँछ, त्यस्तो काम नगरौं ।

मन्त्री ज्ञवालीले दुई देशको सुमधुर सम्बन्धमा असर पार्ने सम्वेदनशील समाचार प्रकाशन नगर्न र भ्रमपूर्ण समाचार नछाप्न आग्रह गर्दै नेपाल-चीनबीच सीमासम्बन्धी कुनै पनि समस्या नभएको स्पष्ट पार्नुभयो ।

उहाँका अनुसार दुई देशबीच सीमासम्बन्धी शान्ति तथा मैत्री सन्धिमा संयुक्त रुपमा हस्ताक्षर भएको छ ।

हरेक १०/१० वर्षमा सीमाको निरीक्षण गर्ने समेत सहमति भइरहेको जानकारी गराउँदै उहाँले तेस्रो पटकको सीमा निरीक्षणले सीमा सत्यता होस् भन्नका लागि भौगोलिक सीमा स्तम्भ राखिने निर्णय गरिएको बताउनुभयो । पश्चिमतिर त्रिदेशीय विन्दुका विषयमा भने टुङ्ग्याउने तयारी भइरहेको उहाँले जानकारी गराउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) रामनारायण विडारी, नेपाली काँग्रेसका प्रकाश पन्थ र समाजवादी पार्टीका प्रमिला कुमारीले दुई देशको मित्रतामा खलल पुऱ्याउनेलाई कानूनी कारवाही गर्नुपर्ने सुझाव दिँदै नेपालको नयाँ नक्शा जारी भएपछि भारतसँगको कूटनीतिक सम्बन्धका बारेमा जिज्ञासा राख्नुभएको थियो ।

उक्त सुझावबारेमा मन्त्री ज्ञवालीले सदनमा सांसदले तथ्यमा आधारित भएर मात्र बोल्नुपर्ने आग्रह गर्नुभयो । नेपालमा मिडिया व्यावसायिक बन्ने क्रममा छन्, गलत सूचना बेलाबेलामा आउन सक्छन्, पत्रिकामा केही आउने वित्तिकै सांसदले अध्ययन नगरी बोलीहाल्दा राम्रो हुदैन, उहाँले भन्नुभयो, सदनमा सांसदले तथ्यमा आधारित भएर मात्र बोल्नुपर्छ, विदेश नीति र राष्ट्रिय सुरक्षा धेरै महत्वपूर्ण कुरा हुन, यस्ता कुरालाई ध्यान दिनुपर्छ, त्यस्ता तथाकथित प्रतिवेदन कहाँ बनाइयो, त्यसलाई कानूनी कारवाही हुन्छ ।

मन्त्री ज्ञवालीले नेपालको नयाँ नक्शा जारी भएपछि उत्पन्न विवादलाई समाधान गर्नका लागि मित्रराष्ट्र भारतसँग निरन्तर सम्पर्कमा रहेको र नेपाल-भारतबीच सम्बन्ध राम्रो रहेको सदनलाई जानकारी गराउनुभयो ।

कूटनीतिक माध्यमबाट नै समस्या समाधान हुन्छ भन्ने मान्यता र विश्वास छ, मन्त्री ज्ञवालीले भन्नुभयो, दुई देशको बहुआयामिक सम्बन्धलाई असर पार्ने कुनै पनि काम हुदैन,

कुनै समस्या नपरोस् भन्नेमा सरकार सजग छ, यस्मा सबैको सहयोग हुन जरुरी छ ।

सूचनाको हक भनेको सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# रामेछाप डायरी

## खाँडादेवी गाउँपालिकाको बजेट ८४ करोड

रामेछाप । रामेछापको खाँडादेवी गाउँपालिकाले आगामी आर्थिक बर्ष २०७७/०७८ को लागि ८४ करोड ७२ लाखको बजेट प्रस्ताव गरेको छ । सातौ गाउँसभामा नीति तथा कार्यक्रमको प्रस्तुत गर्दै गाउँपालिकाका अध्यक्ष प्रेम बहादुर तामाङले उक्त बजेट प्रस्ताव गर्नुभएको हो । नीति तथा कार्यक्रममा गाउँपालिकाले स्वास्थ्य, कृषि र रोजगारीलाई प्राथमिकता दिएको छ । कोरोना भाइरस (कोभिड-१९)को कारण उत्पन्न परिस्थतिको सामना गर्नको लागि गाउँपालिकाले १५ सय जनालाई रोजगारी दिने कार्यक्रम अगाडि सारेको छ ।

## उमाकुण्ड गाउँपालिकाको बजेट ६० करोड ८१ लाख प्रस्तुत

रामेछापको उमाकुण्ड गाउँपालिकाले आ.व.०७७/७८ को बार्षिक नीति तथा कार्यक्रम र राजस्वको दर दायरा र अनुमानित विवरण पास गरेको छ । सातौं गाउँसभामा गाउँपालिकाले आ.व.०७७/०७८ को लागि रु.६० करोड ८१ लाख ८ हजारको प्रस्तावित बजेट र गाउँपालिकाको आर्थिक विधयेक २०७७ र बिनियोजन विधेयक २०७७ सभामा पेश गरेको गाउँपालिका अध्यक्ष शेर बहादुर सुनुवारले बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाले आफ्नै स्रोतबाट आर्जित रकम पनि बजेटमा समावेश गरेको छ । कोरोनाबाट प्रभावित भएको अहिलेको अवस्थामा कोरोना रोकथाम तथा नियन्त्रण, रोजगारी सिर्जना, कृषिमा प्राथामिकता जस्ता विषये बजेटमा प्राथमिकता दिइएको छ ।

## दोरम्बा गाउँपालिकाद्वारा ५४ करोड ९३ लाखको बजेट सार्वजनिक

दोरम्बा । रामेछापको दोरम्बा गाउँपालिकाले आर्थिक बर्ष २०७७/०७८को बजेट आइतबार सार्वजनिक गरेको छ । दोरम्बा गाउँपालिकाले आइतबार ५४ करोड ९३ लाख ५८ हजार २ सय ३० रुपैया बजेट ल्याएको हो । आईतबार दोरम्बा गाउँपालिकाले सभाहलमा आयोजना गरेको कार्यक्रममा दोरम्बा गाउँपालिकाका उपाध्यक्ष कृशला घिसिङले बजेट प्रस्तुत गर्नुभएको हो । उपाध्यक्ष घिसिङले बजेटमा कोरोना भाईरस कोभिड १९ बाट नागरिक र समग्र दोरम्बा गाउँपालिका बासिलाई बचाउने गाउँपालिकाको मुख्य प्राथमिकता रहेको बताउनुभयो ।

हाल कोभिड १९ को माहामारीले विश्वलाई विकासमा बाधा पुर्‍याईरहँदा गाउँपालिकाले विषेश स्वास्थ्य सेवालाई गुणस्तरीयतासंगै प्राथमिकिरिण र माहामारीबाट सुरक्षित बनाउन पूर्वतयारीका काम गर्ने लगायत गाउँपालिकाको निति रहेको जानकारी दिनुभएको थियो ।

दोरम्बा गाउँपालिकाले बजेट सभामा प्रस्तुत गर्दै उपाध्यक्ष घिसिङले गाउँपालिकाको कुल बजेट ५४ करोड ९३ लाख ५८ हजार २ सय ३० रुपैयाँ रहेको घोषणा गर्नुभएको थियो । बजेटमा चालु तर्फ २७,३१,७१,०००। र पुँजीगत तर्फ २७,६१,८७,२३० रुपैँया विनियोजन गर्नुभएको छ । बजेट कृषी, स्वास्थ्य, शिक्षा, पूर्वाधर क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेको छ ।

## लिखुतामाकोशीको नीति तथा कार्यक्रम सार्वजनिक

लिखुतामाकोशी । लिखुतामाकोशी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि नीति तथा कार्यक्रम ल्याएको छ । बुधबार गाउँपालिकाको सातौं गाउँसभाले कोरोना भाइरसका कारण आउन सक्ने संकटलाई समधान गर्ने गरी आर्थिक विकासलाई पहिलो प्राथमिकतामा राखेर नीति तथा कार्यक्राम ल्याएको हो । आर्थिक विकासका लागि गाउँपालिकाले कृषि तथा पशुपंक्षी विकास मार्फत कृषिमा उन्नतिः लिखु तामाकोशी गाउँपालिकाबासीको समुन्नति, चिनौं आफ्नो माटोः बनाऔं आफ्नै गाउँ, बारीका पाटा र खेतका गराः हुन्छन् सबै हराभरा, एक वडा तहः एक पकेट क्षेत्र, खोला खोल्सीको पानी, पाखाबारीको जिन्दगानी जस्ता नाराका साथ कार्यक्रमलाई पहिलो प्राथिमकतामा राखेको छ । त्यस्तै पर्यटकिय विकासका लागि एक वडा एक नमूना पर्यटकीय गन्तव्य, रोजगारीका लागि एक घरः एक उद्यमी, गुणस्तर शिक्षाका लागि समृद्ध लिखु तामाकोशीको प्राथमिकताः घर(घरमा शिक्षा, स्वच्छ खानेपानीका लागि एक घर एक धारा, लैंगिक समनताका लागि समावेशी विकासः समस्याको निकास, पूर्वधार विकासका लागि पूर्वाधार समुन्नतिको आधारः विकास जनताको अधिकार जस्ता नारा



सहितका कार्यक्रमहरु आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रममा समेटिएका छन् । गाउँपालिका उपाध्यक्ष दिपशिखा न्यौपाने दाहालले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा कोभिड १९ को सङ्क्रमणलाई यथाशीघ्र रोकथाम तथा नियन्त्रण गर्न मापदण्ड अनुसार परीक्षणको दायरा वृद्धि, थप पि.सि.आर. ल्याव सञ्चालन, केस इन्भेस्टिगेसन, कन्ट्रयाक्ट ट्रेसिङ र परीक्षण कार्यका लागि गाउँपालिकाको केन्द्र धोबीमा व्यवस्था मिलाउने, सरकारी तथा अन्य सामुदायिक अस्पतालसँगको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने जास्ता कार्यक्रमहरुलाई प्राथमिकतामा राखिएको छ ।

नीति तथा कार्यक्रम प्रस्तुत गर्दै उपाध्यक्ष दाहालले आर्थिक वर्ष २०७७/०७८ का लागि अनुमानित बजेट ५९ करोड ११ लाख ६८ हजार २ सय पचास रुपैयाँ रहेको पनि बताईन् । कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष गोविन्द बहादुर खड्काले आगामी आर्थिक वर्षको लागि ल्याईएको नीति तथा कार्यक्रमले समृद्ध गाउँपालिका बन्ने विश्वास व्यक्त गर्दै नीति तथा कार्यक्रमलाई जसरी पनि कार्यान्वय गराउनु पर्ने बताए । उनले आगामी आर्थिक वर्षका लागि ल्याईएको नीति तथा कार्यक्रम सफल बनाउनको लागि आफू रातदिन लागी पर्ने बताए । 'हामी सबैको ऐक्यबद्धताः सुशासनयुक्त, समृद्ध लिखुतामाकोशी हाम्रो प्रतिवद्धता' भन्ने मूल नाराका साथ ल्याइएको नीति तथा कार्यक्रम सफ बनाउनको लागि सबै एक भएर लाग्नु पर्ने पनि अध्यक्ष खड्काले बताए ।

# याङवरकले सञ्चालनमा ल्यायो आवासीय विद्यालय

रवीन्द्र काफ्ले

फिदिम । स्थानीय तहको निर्वाचन भएको तीन वर्ष पूरा हुँदै गर्दा पाँचथरको याङवरक गाउँपालिकाले आफ्ना उपलब्धिहरु सार्वजनिक गरेको छ ।

गाउँपालिकाको सातौँ गाउँसभामा उपाध्यक्ष कमलकुमारी योङहाङले तीन आर्थिक वर्षका प्रगति सार्वजनिक गर्नुभएको हो । उहाँले गाउँपालिकाले भौतिक पूर्वाधार, सेवा प्रवाहका क्षेत्र, कृषि, सिँचाइ, खेलकूद, संस्थागत विकास, वन वातावरण तथा पर्यटन, आवश्यक ऐन निर्माणको अवस्थालगायत विषयका प्रगति प्रतिवेदन सार्वजनिक गर्नुभएको हो ।

प्रतिवेदनका अनुसार भौतिक पूर्वाधारतर्फ गाउँपालिकाको प्रशासकीय तथा वडा नं २ र ५ को वडा कार्यालय भवन निर्माण सुरू , वडा नं ३ मा बर्थिङ सेन्टर, वडा नं ५ मा आधारभूत स्वास्थ्य केन्द्र निर्माण सम्पन्न भएको तथा छवटा खोप केन्द्रका भवन निर्माण भई सञ्चालनमा आएका छन् ।

यस्तै वडा नं ४ थर्पू बजारमा सामुदायिक भवन निर्माणाधीन, वडा नं ६ मा ज्येष्ठ नागरिक दिवा आश्रम, विभिन्न वडामा तीनवटा कृषि उपज सङ्कलन केन्द्रका भवन निर्माण भएका छन् । विगत तीन वर्षमा गाउँपालिकाले १० वटा विद्यालयमा नयाँ भवन तथा ब्लक निर्माण गरेको छ । सीमा नाका चिवाभञ्ज्याङमा घरबास निर्माण सम्पन्न, थर्पू बजार आसपासको क्षेत्रका लागि चिण्डेअसिने बृहत् खानेपानी आयोजना सुरू तथा अन्य २२ वटा साना तथा ठूला खानेपानी योजनाको मर्मत गरिएको प्रतिवेदनमा उल्लेख छ ।

गाउँपालिकाले वडा नं ६ मा एउटा बृहत् सिँचाइ तथा विभिन्न वडामा १३ वटा सिँचाइ आयोजनाको मर्मत सम्पन्न भएका, छवटा लघुजलविद्युत्को मर्मत, गाउँपालिका स्तरीय खेलमैदान निर्माणका लागि वडा नं ६ बोझेधारामा डिपिआर सम्पन्न गरी निर्माण थालिएको र अन्य साना र ठूला गरी आठवटा खेलमैदान निर्माण गरिएको जनाएको छ ।

गाउँपालिकाले ५३ किलोमिटर सडकको नयाँ ट्र्याक खालिएको, ६५ किलोमिटर सडक स्तरोन्नति, ८० किलोमिटर सडकको डिपिआर तयार र ११ किलोमिटर गोरेटो बाटो निर्माण तथा मर्मत, पर्यटकीय क्षेत्रहरूको पहिचान गरी सूचीकृत ५२ मौलो निशानधाममा पर्यटकीय पूर्वाधार निर्माण गुरूयोजना तयार पारिएको, गाउँपालिकाले धार्मिक स्थलहरु, मठमन्दिरहरूमा पूर्वाधार निर्माण गरेको जनाएको छ । गाउँपालिकालाई नेपालकै सातौँ स्थानीय तहका रूपमा पूर्ण अनलाइन व्यक्तिगत घटना दर्ता गाउँपालिका घोषणा गरिएको छ । यहाँ सबै वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, छवटा मावि र १५ वटा आधारभूत विद्यालयमा शिक्षक र कर्मचारीको विद्युतीय हाजिरीको व्यवस्था गरिएको छ ।

डिजिटल सूचना पाटी, डिजिटल नागरिक वडापत्र , गाउँपालिकाका सेवाहरूलाई प्रभावकारी बनाउन विद्युतीय प्रणालीको व्यवस्था ,घरधुरी सर्वेक्षण गरी वस्तुगत विवरण तयार तथा एकीकृत आवधिक योजनासमेत कार्यान्वयनमा ल्याइएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले सबै स्वास्थ्य चौकीमा बर्थिङ सेन्टरको स्थापना, दुईवटा स्वास्थ्यचौकीमा प्रयोगशाला सेवा सुरू, स्थानीय स्वास्थ्यचौकीहरूमा घुम्ती भिडियो एक्स–रे, जिल्लामा पहिलोपटक भौगोलिक विकटता र कमजोर आर्थिक अवस्थाका कारण विद्यालय जान नसक्ने विद्यार्थीहरूका लागि च्याङथापूमा आवासीय विद्यालय सञ्चालनमा ल्याएको छ ।

यस्तै लैङ्गिक हिंसामा परेका महिलाहरुलाई सुरक्षित राख्न गाउँपालिकाका दुई स्थानमा सुरक्षित आवासको व्यवस्था गरिएको छ । किशोरीहरूलाई आत्मरक्षा तालीम दिइएको छ भने वडा नं ४ लाई बालमैत्री वडा घोषणा गरिएको छ । गाउँपालिका भित्रका १४६ जना व्यक्तिलाई अपाङ्गता पहिचान गरी परिचयपत्र वितरण गरिएको छ । गाउँपालिकाले निकट भविष्यमा कुष्ठरोगविहीन गाउँपालिका निर्माण गर्ने उद्देश्यसहित कार्य अघि बढाइरहेको उक्त विवरणमा उल्लेख छ । गाउँपालिकाले सबै वडामा मेलमिलाप केन्द्र स्थापना गरी आवश्यक सामग्रीको प्रबन्ध गरेको छ भने मेलमिलाप कार्यका लागि ३५ जना मेलमिलापकर्ताहरूलाई ४८ घण्टे तालीम दिइएको छ ।

गाउँपालिकाले नर्सरी निर्माण गर्नाका साथै नर्सरीमा उत्पादित बिरूवा ५० प्रतिशत छुटमा वितरण थालेको छ । बेमौसमी तरकारी खेतीका लागि टनेल वितरण, कृषक पाठशाला सञ्चालन, अलैँचीमा लागेका रोग कीरा नियन्त्रणमा लगानी गरिएको छ । गाउँपालिकाले पशुहरूको कृत्रिम गर्भाधान सेवा, प्राविधिक सेवा विस्तार, गोठ सुधार कार्यक्रम सञ्चालन, व्यावसायिक फर्महरु विस्तार, मासु पसल सुधार, पशुनस्ल सुधारका कार्यक्रमसमेत सञ्चालन गरिएको जनाएको छ ।

याङवरक गाउँपालिकाले ५२ मौलो कालिकाधाममा पार्किङस्थल निर्माण, पोखरी सरसफाइ तथा घेराबारा निर्माण, निशान नचाई मार हान्ने स्थान निर्माण गरेको छ । याङवरक १ स्थित लामपोखरीमा पर्यटकीय आवासगृह निर्माण र सडक निर्माण, तिम्बुपोखरी जाने सडक निर्माणको शुरूआत गरिएको छ । गाउँपालिकाभित्र सहकारीहरूको क्षमता अभिवृद्धि, लेखा व्यवस्थापन तालीम, सहकारी व्यवस्थापनमा सहयोग तथा नियमित अनुगमन गर्ने प्रणालीको विकास गरिएको छ । गाउँपालिकाले विपत् व्यवस्थापन कोष निर्माण गरी राहतको प्रबन्ध गर्ने गरेको छ । गाउँपालिकाले आवश्यक पर्ने ऐन तथा कार्यविधिहरु निर्माण गर्दै आएको जनाएको छ । गाउँपालिकाको सातौँ गाउँसभाले आगामी आर्थिक वर्षका लागि रू ३४ करोड बजेटसहितको नीति तथा कार्यक्रम पारित गरेको प्रमुख प्रशासकीय अधिकृत रोहिणी आचार्यले जानकारी दिनुभयो ।


## आयुर्वेदिक उपचारको पहिलो रोजाइ
## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

***हाम्रा सेवाहरु***

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

**लाइन्स चोक, नारायणगढ, चितवन**

सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।


## अन्तराष्ट्रिय समाचार

### बेइजिङमा संक्रमित भेटिएपछि आवागमनमा कडाई

कोरोनाभाइरस सङ्क्रमणको नयाँ श्रृङ्खलापछि चीनको राजधानी नजिकैको करिब पाँच लाख जनसङ्ख्या रहेको क्षेत्र, आङसिन काउन्टीमा आइतबारदेखि बन्दाबन्दी (लकडाउन) गरिएको छ । चिनियाँ अधिकारीले सङ्क्रमणलाई नियन्त्रणमा ल्याएसँगै छिट्टै लकडाउनलाई हटाइने बताएका छन् । चीनले पहिलो चरणमा कोभिड(१९ सङ्क्रमित विरामीलाई पूर्णतया नियन्त्रणमा ल्याएको घोषणा गरेको केही समयपछि समुदायमा नै सङ्क्रमण फैलिएको आशङ्कामा बेइजिङ् नजिकैको सिनफादी क्षेत्रका बस्तीहरूलाई बन्द गरी सङ्क्रमण परीक्षण गरेको थियो । चीनको राजधानी बेइजिङ र छिमेकी हेबेई प्रान्तमा पछिल्लो समय पुनः सङ्क्रमण देखिन थालेपछि सरकारले स्थानीय वस्तीहरूलाई अन्य क्षेत्रसँगको सम्पर्कलाई बन्द गरेको छ ।

चिनियाँ स्वास्थ्य अधिकारीका अनुसार बेइजिङबाट करिब १५० किलोमिटर टाढा अवस्थित आङसिन काउन्टीमा सयौँको सङ्ख्यामा सङ्क्रमित भेटिएपछि त्यस क्षेत्रलाई पूर्ण बन्द गरी सङ्क्रमण फैलिन नदिने प्रयास भएको हो ।

सरकारले उक्त क्षेत्रमा परिवारबाट एक सदस्यलाई मात्र दिनमा एक पटक खाद्यान्न तथा औषधिजस्ता अतिआवश्यक वस्तु किन्न बाहिर निस्कने अनुमति दिई परीक्षण र उपचारलाई तीब्र पार्नलागेको छ, आङसीको महामारी रोकथाम कार्य दलद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

बेइजिङमा विगत २४ घण्टामा थप १४ व्यक्तिमा कोभिड(१९ सङ्क्रमण पुष्टि भएपछि उक्त कदम चालिएको हो । यससँगै मध्य जुनदेखि बेइजिङ र वरपरका क्षेत्रमा सङ्क्रमित हुनेको सङ्ख्या ३११ पुगेको बताइएको छ । राजधानी बेइजिङस्थित होलसेल बजार, रेष्टुरेन्ट, तथा सम्भावित बस्तीमा गत हप्ता परीक्षणलाई व्यापकता दिइएको थियो । परीक्षण तथा रोकथामका उपायलाई प्रभावकारी बनाउने धारणा राख्दै बेइजिङ शहरका अधिकारी सु हेचियानले भन्नुभयो, सङ्क्रमितको सङ्ख्या भेटिने क्रम जारी रहेकोले हामीलाई ढुक्क भएर बस्ने अवस्था अझै आएको छैन । सङ्क्रमण फैलिन नदिन सङ्क्रमित क्षेत्रका बासिन्दालाई सहर छोडेर अन्यत्र नजान, विद्यालयहरू बन्द गर्न भनिएको छ भने दर्जनौँ आवासीय क्षेत्रका भवन परिसरहरूलाई बन्द गरिएको छ ।

### स्वदेशी उत्पादन किन्न भारतीय प्रधानमन्त्री मोदीको आग्रह

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले स्वदेशी उत्पादनलाई प्रोत्साहन नागरिकहरुलाई आग्रह गर्नुभएको छ । यसअघि पनि पटक पटक स्वदेशी उत्पादन प्रयोग गर्न अपिल गर्दै आउनु भएका प्रधानमन्त्री मोदीले आइतबार फेरी दोहोर्‍याएर स्वदेशी उत्पादन प्रयोगका लागि आग्रह गर्नुभएको हो । स्वदेशी तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नेगरी देशभरी भोकल फर लोकल अर्थात् स्थानीयलाई नै महत्व दिऔँ भन्ने अभियान चलाइएको पनि उहाँले बताउनुभयो । स्थानीय तथा स्वदेशी उत्पादनलाई प्रयोग गर्ने प्रवृत्ति बढाउनासाथ राष्ट्रलाई बलियो बनाउन सजिलो हुने प्रधानमन्त्री मोदीको भनाइ छ । मासिक नियमित कार्यक्रम 'मन की बात'को ६६ श्रृङ्खलामा बोल्ने क्रममा उहाँले भन्नुभयो, यदि तपाईले स्थानीय उत्पादनलाई जोड दिनुभयो भने देश बलियो हुनेछ । भारतीय नागरिकहरु स्थानीयको आवाज बन्नु पर्नेमा प्रधानमन्त्री मोदीले जोड दिनुभयो । स्वदेशी तथा स्थानीय उत्पादन किन्ने र प्रयोग गर्नेहरुले देश बलियो बनाउन योगदान गरिरहेका हुन्छन्, उहाँको भनाइ थियो ।

स्वदेशी उत्पादनलाई प्रयोग र प्रोत्साहन गर्नु आफैमा राष्ट्र सेवा भएको प्रधानमन्त्री मोदीको व्याख्या छ । उहाँले जुनसुकै पेशा, व्यवसाय र भूमिकामा भएपनि देशलाई सेवा गर्न र स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न सकिने बताउनुभयो । उहाँले भारतलाई हरेक उत्पादनमा आत्मनिर्भर स्वाबलम्वी बनाउने उद्देश्य सरकारले लिएको जानकारी पनि दिनुभयो । उहाँले त्यसका लागि आत्मनिर्भर भारत अभियान चलाइएको जानकारी दिँदै त्यसका लागि सवै जनताले साथ दिनुपर्ने बताउनुभयो । प्रधानमन्त्री मोदीले रक्षा र प्रविधिको क्षेत्रमा भारतले चाँडै नै ठूलो फड्को मार्ने विश्वास पनि व्यक्त गर्नुभयो ।

### मेघाफोन कूटनीति अन्त्य गर्न चीनको क्यानडालाई आग्रह

जासुसी गरेको आरोपमा दुई क्यानडेली नागरिकलाई पक्राउ गरिएको विषयमा क्यानाडाद्वारा व्यक्त गरिएको भनाइ 'गैर-जिम्मेवारपूर्ण' रहेको दावी गर्दै क्यानाडालाई 'मोघाफोन कूटनीति' अन्त्य गर्न चीनले आग्रह गरेको छ । दुई क्यानडेलीहरू, चीनका लागि पूर्व कूटनीतिज्ञ मिखायल कोभरिग र उत्तर कोरियाली परामर्शदाता मिखायल स्पाभोर, बारेका तथ्यहरू उहाँहरूमाथिको आरोप पुष्टि गर्न 'ठोस तथा पर्याप्त' आधार रहेको छ, ओटावास्थित चिनियाँ राजदूतावासको वेबसाइटमा प्रकाशित विज्ञप्तिमा भनिएको छ । अमेरिकी न्यायाधिकारीहरूको अनुरोधमा चिनियाँ प्रसिद्ध दूरसञ्चार कम्पनी हुवावेका वित्तीय निर्देशक मेङ वाङझोउलाई क्यानाडामा पक्राउ गरेको केही दिनपछि बेइजिङले क्यानडेली यि कूटनीतिज्ञलाई चीनको गोपनियता भङ्ग गर्दै चीनविरूद्ध जासुसी गरेको आरोपमा सन् २०१८ को डिसेम्वरमा पक्राउ गरेको थियो । चीनले क्यानडेली कूटनीतिज्ञहरूलाई गरेको पक्राउलाई पश्चिमी मुलुकहरूले हुवावेका अधिकारी मेङको पक्राउको बदला भनेका छन् । चीनले उक्त आरोपको खण्डन गर्दै आएको छ । क्यानडेली प्रधानमन्त्री जस्टिन टूडोले आफ्ना दुई नागरिकको पक्राउलाई चीनको मनोमानीपूर्ण कदम भनी पटक पटक चीनको आलोचना गर्नुभएको छ । क्यानडेली नागरिकलाई कथित मनोमानीपूर्ण पक्राउ गरिएको भन्ने आरोप पूर्णतया आधारहीन रहेको छ, चीनको विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा भनिएको छ, चिनियाँ न्यायिक अङ्गले क्यानडेली कूटनीतिज्ञहरूको मुद्दालाई आफ्नो कानून बमोजिम कडाईका साथ अघि बढाउने छ साथै ती दुई क्यानडेलीको कानूनी अधिकारको पनि संरक्षण गर्नेछ । अर्कोतर्फ मेङको पक्राउ आफैमा 'मनोमानीपूर्ण' रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । मेङको पक्राउलाई चीनले चिनियाँ उच्च प्राविधिक संस्था हुवावेलाई अघि बढ्नबाट रोक्न अमेरिकाले लिएको दवावपूर्ण घटना रहेको र क्यानाडा यसको सहयोगी बनेको चीनको दावी रहेको छ । चीनले भनेको छ, मिखायल कोभरिग र मिखायल स्पाभोरको मुद्दालाई लिएर गैर-जिम्मेवार अभिव्यक्ति दिन रोक्न तथा 'मोघाफोन कूटनीति'को माध्यमद्वारा चीनमाथि दवाव सिर्जना नगर्न आग्रह गरिन्छ । साथै क्यानाडाले मेङ वानझोउको पक्राउ गरी क्यानडाले गल्तीगरेको महशुस गर्नुपर्ने, राजनीतिक चालबाजी रोक्नुपर्ने र मेङलाई तत्काल रिहाई गरी सुरक्षित स्वदेश फिर्ता हुने वातावरणको प्रत्याभूत गर्नुपर्ने माग चीनले दोहोराएको छ । कोभिरिगकी पत्नीसहित २० क्यानडेली अधिकारीले हालै भेटगरी प्रधानमन्त्री ट्रडोलाई हुवावेकी व्यवस्थापक मेङलाई सुपर्दगी गर्ने कामलाई हस्तक्षेप गरी रोक्न र चीनमा पक्राउ परेका क्यानडेली दुई कूटनीतिज्ञको रिहाईका लागि पहल गर्न आग्रह गरेका थिए ।


## सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नुपर्छ र यस्तो अन्याय, अत्याचारबाट मुक्त हुनुपर्छ । यही नैं समयको माग हो ।




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# सर्जकलाई नजिकबाट नियाल्दा



दामोदर ढकाल 'दीपक'

दुर्गा अधिकारी भमरकोटेको नाम लिनासाथ हाइकु गायकको रूपमा सुपरिचित हुनुहुन्छ । उहाँले सिर्जना गरेका हाइकुहरु जब मञ्चमा उभिएर गाउन थाल्नुहुन्छ , लयमा लय मिलाएर स्रोता दर्शकहरूले स्वरखाप्न र ताली बजाउन थाल्छन् । अहिले कोरो आतङ्क बन्दाबन्दी अथार्त लकडाउनमा उहाँसँग मैले भिडियो कलमार्फत संक्षिप्त कुराकानी गरेको छु । सोही कुराकानीका आधारमा केही जीवनका कुरा, केही अनुभव र अनुभूतिका कुरा अनि केही साहित्यका कुरा प्रस्तुत गर्न गइरहेको छु ।

२०१७ साल असोज १९ गतेका दिन पिता भवानीप्रसाद अधिकारी र माता तिलाकुमारी अधिकारीको जेष्ठ सुपुत्रको रूपमा उहाँको जन्म भएको हो । पाँचखाल नगरपालिका वडा नम्बर पाँच उहाँको जन्मस्थान हो । जन्मस्थानको उच्च महिमा राख्न उहाँले आफ्नो नामको पछाडि भमरकोटे राख्नुभएको छ । दुर्गा अधिकारी भमरकोटेको सट्टा साहित्यकारहरूको माँझ उहाँ दुर्गा भमरकोटेको रूपमा सुपरिचित हुनुहुन्छ ।

उहाँको बाल्यकाल एकदमै सुखद् तवरबाट बित्यो । धेरै सन्तानहरु जन्मिएर पनि नरहने परिस्थिति अधिकारी खलकले ब्योर्होनु परेको थियो । पुरानो मान्यता अनुसार सौतेलो ग्रहले पो यस्तो परिस्थिति उत्पन्न भएको हो भन्ठानेर उहाँको बुबाले अर्की श्रीमती समेत ल्याउनु भएको थियो । तर दुर्गा भमरकोटे जेठी श्रीमतीकै जेठो सुपुत्र हुनुहुन्छ । उहाँलाई त्यो परिवारले यति धेरै माया दियो कि त्यसको बयान गरि साध्य छैन् । उहाँ ३ बर्षको हुन्जेल काखै काखमा रहनुभयो । उहाँ सबैबाट बोकीनु भयो अर्थात काखे पल्टिनुभयो, पुल्पुलिनु भयो । उहाँका खुट्टा जमिनमा भन्दा आफन्तका खाखमा मडारिन पुगे । यसै मेसोमा यहाँनेर एउटा दुखद् स्थिति पनि सिर्जना भएछ । त्यो के भने उहाँ असाध्यै बिमारी पर्नुभएछ । घरका सबै परिवारका सदस्यहरूले उहाँलाई माया मारेछन् । तर सास हुन्जेल आस । अलिअलि सास र ढुकढुकी मात्र रहेको उहाँलाई उहाँकी आमाले उहाँलाई डोकोमा बोकाएर शिर मेमोरियल हस्पिटल बनेपामा लिएर पुग्नु भो । त्यस्तो सिकिस्त बिमारीलाई त्यहाँ ल्याउँदा उहाँकी आमाले , ढिला लिएर आएको भनेर निकै गाली समेत खानु पऱ्यो । मान्छे पनि गोरो, कपाल पनि खैरो झट्ट हेर्दा उहाँ अमिरिकनको बच्चा जस्तो देखिनुहुन्थ्यो । त्यहाँ कार्यरत अमिरिकी डाक्टरले उहाँलाई विशेष तवरले उपचार गर्नुभयो । उहाँलाई निको हुनुभयो । उहाँलाई उपचारको क्रममा ती डाक्टरले यति माया गरेछन् वा मन जितेछन् । उहाँको बाल मतिष्कमा सबैभन्दा असलमान्छे भनेका अमिरिकन हुन् भन्ने प्रभाव छोडेछ । उहाँले कसैले,'बाबू, ठूलो भएपछि के बन्छौ ?' भनेर प्रश्न सोध्दा , 'अमेरिकन बन्छु !' भनेर जवाफ दिनुहुन्थ्यो रे ।

उहाँको घरमा काम गर्ने मानिसहरु थिए । दिदीहरु पनि थिए । यद्यपि सानो उमेरमा उहाँ गोठालो गएको अनुभव छ । वनमा गएर डण्डीबियो र कपर्दी खेलेको अनुभूति छ । झिकु खोलामा गएर पौडी खेलेको अनुभव छ । पाँचसय मुरी धानको बीउ लाग्ने जग्गा जमिनको मालिक भएपनि उहाँले समग्र र आम जिन्दगी भोगेको कुरा बताउनु हुन्छ ।

उहाँ पाँचवर्ष पुगेपछि भमरकोटमै श्री गणेश प्रा.विमा भर्ना हुनुभयो । उहाँ भर्ना भएपछि उहाँको विद्यालयले काँचुली फेऱ्यो । कारण त्यतिबेलासम्म उक्त विद्यालयमा पढ्ने विद्यार्थीहरु कोही चकटीमा, कोही सुकुलमा त कोही भुइँमा नै बसेर पढ्थे । आफ्नो छोरो पढ्ने विद्यालयको यो हालत देखेर त्यतिबेला उहाँको बुबाले विद्यालयलाई पाँचसय रूपैयाँ चन्दा दिनुभयो । उक्त पाँचसयले त्यत्तिबेला पाँचबटै कक्षाका विद्यार्थी बसने डेक्स, बेञ्च बनाउन पुग्यो । पाँच कक्षा पढुन्जेल उहाँलाई विद्यालय जान पाँच मिनेर र फर्किन पाँच मिनेट लाग्थ्यो । तर छ कक्षा पुगेपछि भने उहाँको विद्यालय फेरिन पुग्यो । अब भने पैतीस मिनेट जति हिँडेर संजिवनी हाइस्कुलमा पढ्न आउनु पऱ्यो । उहाँले उक्त विद्यालयबाट प्रथम श्रेणीमा एस.एल.सी. उर्त्तिण गर्नुभयो ।

उहाँले टेष्ट परिक्षा दिनासाथ नै आफूलाई मनपरेको शिक्षण पेशामा आबध्द हुनुभयो । काभ्रे जिल्लाकै मण्डन देउपुर स्थित श्री तपेश्वर नि.मा.वि. मा उहाँ शिक्षक बन्नुभयो । त्यतिबेला निर्दल र बहुदलबीच एकप्रकारको राजनैतिक सगर्मी बढीसकेको थियो । एउटा परिवर्तनकारी क्ष्मता राख्ने शिक्षकले निर्दलको समर्थन गर्ने कुरै थिएन । जनताले, जनताद्वारा, जनतालाई गरिने साशन वा भनौं प्रजातन्त्र प्रति उहाँको झुकाब बढ्यो । उहाँ शिक्षक साथीहरूसँगै आन्दोलनको पक्षधर बन्नुभयो ।

एस. एल. सी. पास भएपछि उहाँले नेपाल ल क्याम्पसमा अध्ययन सुरू गर्नुभयो । अब उहाँ विद्यार्थी आन्दोलनमा समेत सरिक बन्नुभयो । उता शिक्षक आन्दोलनमा यता विद्यार्थी आन्दोलनमा । उहाँलाई त्यतिबेला न काठमाडौं, न घर, न विद्यालय कही पनि जाने अनुकुल परिस्थिति बनेन् । त्यतिबेला उहाँ जिल्ला शिक्षक संघर्ष समितिको सदस्य हुनुहुन्थ्यो । यसकारण पनि उहाँ सरकारको नजरमा तारो हुनुहुन्थ्यो ।

निलो ज्याकेटको प्रसङ्ग :

वास्तवमा उहाँसँग त्यो निलो ज्याकेट अहिलेसम्म भए त्यो ज्याकेट सबैले हेर्न चाहन्थे होला । निलो ज्याकेट अहिले नभए पनि निलो ज्याकेटको किस्सा यहाँ प्रस्तुत गर्न उपयुक्त लाग्यो । शिक्षक संगठनको तर्फबाट वनेपाको चार दोबाटोमा बनाइएको मञ्चबाट उहाँले भाषण गर्दागर्दै पुलिसहरु त्यहाँ आइपुगेछन् । र पुलिसहरूले त्यहिँ निलो ज्याकेट लगाउनेलाई समात्ने हो भनेछन् । उहाँ मञ्चबाट ओर्लिएर साथीहरूको बीचमा घुस्नुभएछ ।

संयोग उहाँको ज्याकेट डबल लगाउन मिल्ने रहेछ । उहाँले साथीहरूको बीचमै ज्याकेट उल्टाएर वा अर्को पट्टि फर्काएर लगाउनुभएछ । निलो ज्याकेट लगाउनेलाई पुलिसले खोज्न थाल्यो तर उहाँ त्यतिबेला रातो ज्याकेट बन्नुभयो । उहाँको साथीले उहाँलाई बचाउन खरायोको स्पीडमा तीनतला माथि लगरे तीन दिन राख्नुभयो ।

घर जाने स्थिति नभएपछि उहाँ विद्यालय तिर जानुभएछ । तर त्यहाँ पनि पुलिसले खोजेको छ भन्ने थाहा पाएर उहाँ मामाघर लुक्न जानुभएछ । त्यहिँ घटनाले गर्दा उहाँलाई लाखौं विद्यार्थी उत्पादन गर्ने शिक्षण पेशाबाट अलग गराएछ । नत्र यतिबेला हामीले उहाँलाई रिटार्यड हेडसरको रूपमा चिन्थ्यौंहोला ।




दुर्गा अधिकारी भमरकोट

बा–आमालाई छोराको पीर पर्ने नै भयो । उहाँको बुबाले कृषि अधिकृत उहाँको ठूलोबाको छोरो दाइ हिरामणि अधिकारीलाई सबै कुरा बताउनु भएछ । उहाँको कुरा सुने पश्चात हिरामणिले , ऊ कहाँ लुकेको छ , मलाई भेट्न पठाइदिनु, पीर गर्नुपर्दैन भन्नुभएछ ।

भमरकोटे हिरामणि दाइलाइ भेट्न राती हिडेर सिन्धुपाल्चोकको निगाले भन्ने ठाउँमा पुग्नुभयो । उहाँलाई देखेपछि दाइले बेस्सरी झपार्नुभयो । तैपनि समाज र राष्ट्रमा बेथीति भएर यसरी क्रान्ति गर्नुपरेको कुरालाई दाइलाई सम्झाउनुभयो वा कन्भिन्स गर्न सक्नुभयो । त्यसपछि दाइले उहाँलाई त्यहिँ बस्नभन्नु भयो । करिब पन्ध्रदिन त्यहाँ बसेपछि त्यहीँ ठाउँको आलुबारी विकास परियोजनाको सहलेखापालमा उहाँलाई नियुक्ति दिलाइदिनुभयो ।

एउटा शिक्षकलाई जिन्दगीको मोडले सहलेखापाल बनाइदियो । क्याम्पस गएर पढ्ने सपना तुहियो । वकिल बन्न पढ्ने उहाँको विषय कानून पनि पढ्न पाउनुभएन । उहाँले प्राइभेट आइ.ए. को परिक्षा दिनुभयो र पास पनि हुनुभयो ।

हामी बाल्यावस्था पार गरेपछि यौवनावस्थामा पुग्छौ । जिन्दगी यसरी नै चल्दै क्रमश वृद्ध बन्ने हो ।

उहाँको पनि एक्काइस वर्षको उमेरमा चन्द्रकुमारी मिश्रसँग विवाह भयो । उहाँका दुई सन्तान हुनुहुन्छ । अमित अधिकारी र डा. अरूण अधिकारी ।

उहाँ सहलेखापाल भएपनि अमेरिका जानलाई प्रत्येक वर्ष आवेदन दिइरहनुहुन्थ्यो र लोकसेवा आयोगको परिक्षा पनि दिइरहनुहुन्थ्यो । तर सफलता हासिल हुन सकिरहेको थिएन । एकदिनको कुरा हो । धुलिखेलमा उहाँको एकजना असइ सापसँग भेट भयो । असइ साप उहाँ नजिकको नातेदार भएको हुनाले धेरैबेर कुराकानी भयो । कुराकानीको क्रममा जागिरको पनि कुरा भयो । उहाँले आफूले लोकसेवा सधैं दिइरहेको तर नाम ननिस्केको बताउनुभयो । असइसापले उहाँको पुलिस रिपोर्ट हेरिदिनु भयो । उहाँको रिपोर्ट पुलिस रिपोर्ट बिग्रेकाहरूको लामो सूचिमा तीननम्बरमा रहेछ । लोकसेवा पास नहुनुको कडी उहाँले पत्ता लगाउनु भयो ।

हुनसक्छ असइसापले उहाँको ब्याक लिस्टबाट नाम हटाइदिनु भयो वा के भयो उहाँले एकैचोटि छ वटा आयोजमा दिएको परिक्षामा नाम निकाल्नुभयो ।

अब त उहाँ छानेर सरकारी जागिर खाने हैसियतको मान्छे बन्नुभयो । तर उहाँलाई सिन्धुपाल्चोक छोड्न मनलागेन । उहाँले सिन्धुपाल्चोकको जलबिरे भन्ने ठाउँको वाणिज्य बैंकमा ऋण सहायकको नियुक्ति बुझ्नुभयो ।

त्यहाँ उहाँको काम कृषकहरूको पीरमर्का बुझेर ऋण दिनु थियो । उहाँसँग फिल्डमा अमेरिकी पिसकोर भोलेन्टिएर मेरियन मके पनि हुनुहुन्थ्यो । मेरियन मके उहाँसँग यति प्रभाभित हुनुभयो कि उहाँले अमेरिका जान प्रस्ताव राख्नुभयो । प्रताव मनन योग्य थियो । सानोमा अमेरिकी डाक्टरले उहाँलाई बचाएको हुनाले त्यो गुण तिर्न पनि अमेरिका जाने उहाँको इच्छा थियो । उहाँले दुतावासमा प्रत्येक वर्ष आवेदन दिने गरेको तर सफल नभएको कुरा सुनाउनु भएको थियो ।

मरियन मके आफ्नो दुई वर्षको कार्यकाल सकेर अमेरिका फर्किनुभयो । मके अमेरिका फर्केको केही समय पश्चात भमरकोटेलाई अमेरिकन दुतावासबाट फोन आयो । उहाँ अमिरिका जान पाउने हुनुभयो । उहाँको निरन्तरको प्रयास र सपनालाई मरियन मकेले सफल बनाइदिनु भयो ।

अमेरिकी दुतावासमा कार्यरत इशा के.सी. दिदीले ,'भाइ कतिपटक यो आवेदन फर्म भरिरहन्छौ ,तिम्रो किन हो हुँदैन्, कति दुतावासलाई मात्र पैसा बुझाउछौ ।' भन्थिन् तर तिनै दिदीले, 'भाइ, तपाईंलाई सम्मान साथ यसरी भिषा दिन लेखेको रहेछ ।' भनिन् । भमरकोटेलाई यो घटना ताजै र अहिल्यै घटिरहेको छ जस्तो भान हुनेगर्दछ । उहाँले अमेरिका बस्दा पनि भमरकोट देवीको मन्दिर बनाउन सम्पूर्ण खर्च पठाउनुभएको थियो । विदेशको भूमिमा बसेर पनि आफ्नो गाउँको मन्दिरको दर्शन मनमनले गरिहनुहुन्थ्यो । पुकार गरिहनुहुन्थयो ।

उहाँ २०७१ सालमा बुबाको देहावासनका कारण नेपाल फर्किनुभयो । पारिवारिक व्यवहार मिलाउँदा मिलाउँदै एक वर्ष लाग्यो । २०७२ सालको महाविनाशकारी भूकम्प पश्चात त उहाँलाई देश छाडेर अमेरिका जानै मनलागेन । त्यसपछि उहाँ साहित्य सिर्जनामा रमाउन थाल्नुभयो । पूर्वसहायकरथी तेजप्रकाश बानियाँको छत्रछाँया र पूर्वसेनानी टंकबहादुर बजगाईको संगत बिस्तारै झांगिँदै गयो ।

हुन त युवा जोशको बेला पनि आन्दोलन गरिरहेको बेला उहाँले कविता लेख्नुहुन्थ्यो । २०३५ सालमै दृष्टि साप्ताहिकमा उहाँको 'फुटेको घ्याप्पो' प्रकाशित भएको थियो ।तर अमेरिकाको बसाईं र विविध कुराले कल्पना र भावनालाई लिपिवद्ध गर्न पाउनु भएन ।

२०७२ सालको भूकम्पमा उहाँले निर्माण गरेको मन्दिर पनि भत्किएपछि उहाँसँग गाउँलेहरूले मन्दिर बनाइदिन अनुरोध गरे । उहाँले गाउँलेहरूको सहयोग, विभिन्न व्यक्तिबाट चन्दा र आफूले समेत गरेर पच्चिस लाख लागतमा भमरकोट देवीको मन्दिरको पुर्ननिर्माण सुसम्पन्न गराउनुभयो ।

उहाँलाई आफ्नै संस्कार, संस्कृति र लोकभाकाले मन तान्यो र साहित्य सिर्जनामा हुरूक्क भएर लाग्नुभएको छ ।

उहाँको चर्चित हाइकु संग्रह हाइकु वर्णमाला दोस्रो संस्करण पनि आइसकेको छ भने छ सय एक झटारा मुक्तक संग्रह र करिव आधा दर्जन संयुक्त कृतिहरूमा उहाँका रचनाहरु प्रकाशित भइसकेका छन् । लोकभाकामा हाइकु लेखनका अभियानकर्ता भमरकोटेसँग गरिएको साहित्यिक भलाकुसारी अब प्रस्तुत गर्दछु ।

तपाईंलाई साहित्यको कुन विधा मनपर्छ ?

मलाई साहित्यका सबै विधा मन पर्छन । यद्यपी मलाई लोकलयमा लेखिने कविता र यसका उपविधा गजल, मुक्तक र हाइकुले बढी मन छुन्छ र हाइकु हाम्रो विधा हो । यो हाम्रो लोक विधा हो कसरी हाइकु आयातित हुँदै आयो यसको अनुसन्धानमा छु ।

साहित्य भनेको के हो ?

साहित्य भनेको सुन्दर सिर्जना हो । यो पढेका , नपढेका जसले पनि सिर्जन ागर्न सक्छन् । कृषकले बीउ रोपेर बाली फलाउनु जस्तै हो साहित्य । त्यहाँ माटो बनाउनु वीउ रोप्नु , गोलमेड गर्नु , बाली काट्नु त्यहाँ जतिबेला पनि सिर्जना मात्र छ । ठ्याक्कै त्यस्तै सिर्जना भनेकै साहित्य हो । जुन जीवन र जगतसँग सोझै साक्षातकार हुन्छ ।

साहित्य किन र के का लागि लेख्नुहुन्छ ?

म सुरूमा सोच्थेँ बुढेशकालमा मन भूलाउन वा आफूलाई सक्रिय राख्न साहित्य सिर्जना गर्छु । तर जीवनका अनुभव र अनुभूति , समाजका विकृति र विसङ्गतिको विषयमा सिर्जन ागर्न थाले तब आफूलाई जवान भएको महसुस भयो । युवाअवस्थाका कलकलाउँदा युवाहरु मेरा फलोअर्स भए । मञ्चहरु तातिन थाले तब सोचे साहित्य समाजमा जनजागरण ल्याउन लेखिदो रहेछ । म पनि त्यसैको लागि लेखिरहेको छु ।

नेपाली साहित्यको विकास र बिस्तारको लागि के गर्नुपर्छ ?

सर्वप्रथम त नेपाली साहित्यको जग नै बसिसकेको छैन । जग निमार्ण गरिनुपर्छ । धेरै मान्छेलाई साहित्य एकैचोटि वयष्क भएपछि , कोही मान्छेलाई युवावस्थामा मात्र थाहा भएको अवस्था छ । कक्षा एक देखि नै विद्यार्थीहरु साहित्य सिर्जन ागर्न लगाउनु पर्ने आवश्यकता छ । यसको निम्ती सरकार र साहित्यकारहरु एक भएर एउटा सिर्जनशील समाज निर्माणमा लाग्नुपर्छ तब मात्र नेपाली साहित्यको विकास र बिस्तार सम्भव छ ।

साहित्य मार्फत समाजसेवा गर्न सकिन्छ ?

विल्कुल ! साहित्य नै समाजसेवाको जग हो । साहित्य बिना कुनै पनि समाज सहीबाटोमा जानै सक्दैन । समाजलाई तत्कालै परिवर्तन गर्न सक्ने शक्ति गीत, कवितामा रहेको हुन्छ । जस्ले तत्कालै मनसपटलमा परिवर्तन ल्याइदिन्छ जस्तै 'गाउँ गाउँ बाट उठ' , 'हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए, बन्दैन मूलुक दुई चार सपुत मरेर नगए , यस्ता धेरै कविता र गीतले समाज परिवर्तन गर्न मद्दत गरेका छन् । समाजलाई परिवर्तन गराउन सक्नु जत्तिको समाजसेवा अरू के हुन्छ ।

तपाईंलाई लेख्ने पर्ने कृति के लागेको छ ?

नेपालमा लोकभाकाको हाइकुको लेखनको अनुसन्धांन सहित धेरै सर्जकहरूलाई समावेश गरेर विभिन्न लोकभाकमा गाउन मिल्ने खालको हाइकुको कृति । हाइकु किन नेपाली विधा हो यसको तथ्य र पुराना हाम्रा लोकगीत , चुट्का र भजन आदिको खोज अनुसन्धान र हाइकु लेख्ने विधि सहितको पुस्तक । यसैगरी मेरो जीवन अनौठो छ, जीवनका अनुभव र अनुभूति पनि अनौठा छन् , तिनीहरूलाई समेटेर आत्मकथा लेखिरहेको छु । यी चाँढै प्रकाशन हुन्छन् । अस्तु

गजल/कविता

## प्रतिबद्धता

मधुश्री

अंजुली भरी यो माटो लिई कसम खानुछ
सन्तान थरी-थरिका मिली संघर्ष गर्नुछ
खराब बृक्ष रोपेछौँ अब उखेली फाल्नुछ
विरूवा नयाँ सारेर गल्ति सुधारी जाग्नुछ

बिज्ञान ज्ञान खोज्नुछ बृद्धि उब्जनि कृषिमा
श्रमको पूजा गर्नुछ सुन फुलौँन धर्तीमा
गोरेटो आफैँ खन्नुछ नयाँ मिलेर हिड्नुछ
पहाड फोड्दै पुरेर खाल्डो समान पार्नुछ

बनमा फुल्ने फक्रिने जडिबुटीको साथमा
स्वच्छ र सफा वातावरण पौरख हातमा
उद्योग धन्दा खोल्नुछ श्रम देशमै गर्नुछ
हारेर भाग्नु हुँदैन मिली जँघार तर्नुछ

बिहान उठ्छ लालीमा जोस अठोट बोकेर
हिड्नुछ दिन थाक्दैन कतै समय रोकेर
चटकी बनी खेल्दछ हामी साथमा खेल्नुछ
पेल्नुछ भ्रष्ट प्रवृद्धि यहाँ झमेला झेल्नुछ

रोकिन्न गती उर्जाले हामी फेर्नेछौँ मुहार
कठिन पल काट्नेछौँ आफैँ नमागी गुहार
पूर्खाले हार्न जानेनन् आज हामीले जित्नुछ
खटिरा माटो बिगार्ने सबै मिलेर किच्नुछ ।

डा. जेवि पाठक
शितल होमियोप्याथिक फार्मेसी
लायन्सचोक, नारायणगढ

हामीकहाँ विशेष गरी विना अप्रेशन पाईल्स, फिस्टुला, शरीरमा भएको ट्युमर, मूसा (Warts), मृगौलाको पत्थरी, एवं बाथ, दम, ग्यास्ट्रीक, अल्सर, टन्सिल, बारम्बर रुघाखोखी लागि राख्ने, कपाल झर्ने, महिलाहरुको महिनावारी समयमा नहुने, सेतो पानी बग्ने, एवं छाला सम्बन्धी विविध रोगहरुको सफलतापूर्वक उपचार गरीन्छ ।

(विरामी जाँच्ने समय : विहान ११ वजे देखि साँझ ६ वजेसम्म)

जन आकाश
Jana Aakash National Weekly
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४–०६५ गो.हु.का. द.नं. १२/०७५/०७६


# कियाको निरो बुकिङ गरेकालाई लकडाउन खुले लगत्तै डेलिभरी

काठमाडौं । नेपालमा कियाको विद्युतीय गाडी निरो बुकिङ गरेका ग्राहकले लकडाउन खुलेलगत्तै उक्त एसयुभी चलाउन पाउने भएका छन् ।

नेपालका लागि कियाको एकल अधिकृत बिक्रेता कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालिले लकडाउन नै चलान भइसकेको छ । लकडाउन खुल्दासम्म गाडी नेपाल आइसक्ने भएकोले कम्पनीले बुकिङ गरेका ग्राहकलाई गाडी नेपाल आइपुग्ने बित्तिकै हस्तान्तरण गर्ने योजना बनाएको हो ।

एकपटकको फुल चार्जमा ४८० किलोमिटरसम्म गुड्ने उक्त एसयुभी बिएचपी पावर र ३९५ एनएम टर्क उत्पादन गर्छ । यो एसयुभी स्टार्ट गरेको ८ सेकेन्डभित्रै १०० किलोमिटरको गतिमा कुद्न सक्छ ।

डिसी फास्ट चार्जरबाट पूरा चार्ज गर्न ८० मिनेट लाग्ने यो गाडी भित्रिएपछि नेपाली बजारमा सर्वाधिक माइलेज दिने विद्युतीय




खुलेलगत्तै बुकिङ गरेका ग्राहकलाई उक्त गाडी हस्तान्तरण गर्ने तयारी गरेको छ । उक्त गाडीको कन्साइनमेन्ट (खेप) कोरियाबाट नेपालका लागि एक हप्ता अगाडि नेपाली कार पारखीले निकै रुचाएर बुकिङ गरेका छन् । यसमा ६४ किलोवाट क्षमताको ब्याट्री प्याक जडान गरिएको छ । यसको १५० किलोवाटको इलेक्ट्रिक मोटरले २०१ एसयुभीमा यही पर्नेछ । निरो सन् २०१९ को पहिलो त्रैमासबाट एसियाली बजारमा बिक्री सुरु गर्ने निर्माता कम्तीको योजना अनुरुप नेपाल आउन लागेको हो ।

# लिङलङ ब्रान्डका टायर नेपाली बजारमा भित्रियो

काठमाडौं । लिङलङ ब्रान्डका टायर नेपाली बजारमा भित्रिएका छन् । नेपालका लागि आधिकारिक वितरकको रुपमा डेल्टा डिस्ट्रिब्युटर्स प्रालिले लिङलङ टायर बिक्री-वितरण गर्ने भएको छ । सोमबार उक्त टायर सार्वजानिक गरिएको छ । केही महिना पहिले नै डेल्टा डिष्ट्रिब्युटर्स आधिकारिक वितरकको रुपमा तोकिएको भए तापनि लकडाउनका कारण टायर नेपाल आईपुगेको थिएन । हाल लकडाउन खुकुलो भएसँगै टायर नेपाल आइपुगेको हो । सन् १९७५ मा स्थापित सान्डोङ लिङलङ टायर कम्पनी लिमिटेड चीनको अत्यधिक टायर उत्पादन गर्ने कम्पनी मध्ये एक हो । चीन र थाइल्यान्डमा यसका उत्पादन प्लान्टहरु रहेका छन् । विश्वका १ सय ८० देशहरुमा यी टायर बिक्री-वितरण हुन्छन् । विश्वमा अत्यधिक बिक्री हुने १० टायर कम्पनी मध्ये लिङलङ पनि पर्छ । डेल्टा डिस्ट्रिब्युटर्सले पहिलो चरणमा कार तथा ट्रक बस सेगमेन्टमा प्रयोग हुने टायर बिक्री-वितरण गर्ने जानकारी निर्देशक बिक्रम सिंघानियाले दिए ।








जनआकाश मिडिया प्रा.लि.का लागि प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस